# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सिकाइ भाषिक सिपसँग सम्बन्धित हुन्छ । भाषिक सिप विकास गर्ने कार्य भाषा पाठ्यपुस्तकमा रहेका अभ्यासहरूको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासलाई नमुना अभ्यासको रुपमा लिनु पर्दछ । भाषा पाठ्यपुस्तकको विकास भएपछि मात्र नमुना अभ्यासको विकास भएको हो । सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू मानव सभ्यताको सुरुवातसँगै भएको पाइए तापनि लेखाइ तथा पढाइ सिपको विकास गर्न भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहेको छ । यसै क्रममा परापूर्वकालदेखि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उद्देश्य प्राप्तिका लागि एउटा पूर्वनिश्चित प्रक्रियालाई अवलम्वन गर्दै आएको पाइन्छ । जुन आजसम्म पाठ्यक्रमको विकासको सिङ्गो पाटोको रुपमा विकसित हुँदै आएको छ (लम्साल र अन्य;२०६७:३) । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुका आधारमा नै पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमले तोकेअनुरुप विद्यार्थीको क्षमता, उपलब्ध शैक्षिक सामग्री, प्रयोग गर्न सकिने शिक्षण विधि, विद्यार्थीको मनोवैज्ञानिक पक्षमाथि विचार पुऱ्याई पाठ्यपुस्तक तयार गरिएको हुनुपर्छ । पाठ्यपुस्तकमा प्रयुक्त पाठका आधारमा नमुना अभ्यास तय गरिन्छ ।

अनौपचारिक रुपमा भाषा सिक्ने र सिकाउने कार्य धेरै पुरानो भएको मानिन्छ । नेपाली भाषा पाठ्यपुस्तकको विकासलाई नियाल्दा “सर्वप्रथम वि.सं. १९५८ मा देव शमशेरले खोलेको भाषा पाठशालाहरूमा शिक्षण गर्नका लागि जय पृथ्वी बहादुर सिंहले ‘अक्षराङ्क शिक्षा’ नामक पहिलो पुस्तक तयार गरेका थिए ” (शर्मा र पौडेल; २०६८: १७) । त्यस्तै वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशनी समितिको स्थापना पछि अझ सशक्त रुपमा पाठ्यपुस्तकको विकास हुन गयो । वि.सं. २००७ सालको परिर्वतन पछि नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई पूर्ण आकार भने राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–२०३२) ले प्रदान गऱ्यो । यसै क्रममा वि.सं. २०४९ / २०५५ / २०६३ हुँदै वर्तमान पाठ्यपुस्तकको स्वरुप “ राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको २०६९/०५/०८ को बैठकबाट स्वीकृति प्राप्त भई नेपाल सरकारबाट मिति २०६९/०६/१० बाट कार्यन्वयनमा लैजाने निर्णय भए अनुसार यसलाई विद्यालय तहको कक्षा ६ बाट क्रमश: कार्यन्वयनमा ल्याइएको छ ”( आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यसै आधारमा वि.सं.२०७२ मा कक्षा ८ को पाठ्यपुस्तक परिवर्तन भई हालको स्वरुप ग्रहण गरेको छ ।

भाषा पाठ्यपुस्तक भाषिक व्यवहार कुशल ढङ्गले गर्न र भाषिक सिपहरूमा केही दक्षता हाँसिल गर्न निर्माण गरिएको हुन्छ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा व्यवहारवादी र मनोवादी सिद्धान्तको प्रयोग गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्ताबेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमको सैद्धान्तिक कुराहरूलाई व्यवाहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्ने महत्त्वपूर्ण एवम् प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो (लम्साल र अन्य;२०६७:६३) । भन्ने आधारले पनि पाठ्यपुस्तक प्रतिको व्यवहारवादी दर्शन प्रस्तुत गरेको छ । सैद्धान्तिक विषयवस्तुलाई

व्यवहारमा उतारिने भएकाले पाठ्यपुस्तक निर्माण कार्य तथा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास व्यवहारवादी दर्शन र सैद्धान्तिक दृष्टिकोण दुबैमा आधारित रहेको हुन्छ ।

भाषा पाठ्यपुस्तकलाई व्यावहारिक तथा जीवन उपयोगी बनाउन विभिन्न संघ संस्था तथा बुद्धिजीवी यस कार्यमा लागेका छन् । व्यक्तिमा भाषिक, तार्किक, साङ्गीतिक, शारीरिक, दृश्यात्मक, अन्तरवैयक्तिक, प्राकृतिक आदि प्रतिभा हुन्छन् । यस्ता प्रतिभा प्रस्फुटनका लागि अपेक्षित सक्षमता कुनै पनि एउटा विषयको पाठ्यक्रमले हाँसिल गर्न गाह्रो हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । त्यसैले व्यक्तिमा भएका क्षमतालाई उजागर गर्ने किसिमका स्रोत साधनलाई समेटेर पाठ्यपुस्तक निमार्ण गर्न अहिले ठुलो चुनौती भएको छ । विद्यार्थीको रुचि, आवश्यकता अनुसारको विषयवस्तु तथा अभ्यास छनोट गर्नु समस्यामूलक कार्य भएको छ ।

नेपाली भाषा पाठ्यपुस्तक समय सापेक्ष रुपमा निर्माण गर्नका लागि पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी र व्यवहार मूलक बनाउने । विधाको क्षेत्र र क्रमलाई विस्तृत रुपमा स्पष्ट पार्ने । पठन कौशल, रचना कौशल, शब्दभण्डार जस्ता पक्षमा जोडदिने किसिमको बनाउने नीति निर्माण पाठ्क्रम विकास केन्द्रले गरेको छ । विश्वविद्यालयमा शिक्षाशास्त्र सङ्काय स्नातक तथा स्नातकोत्तर तहमा पनि भाषा पाठ्यपुस्तक निर्माण सम्बन्धमा विभिन्न विषयवस्तु शिक्षण हुँदै आएको छ । पाठ्यपुस्तकले उपयुक्त विधा छनोट गरी भाषाका चारओटै सिपको विकास गर्ने किसिमका नमुना अभ्यास निर्धारण गर्ने कार्यक्रम अगाडि बढी रहेको छ ।

यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाठ्यक्रम वि.सं. २०७२ देखि कक्षा ८मा लागु गरिएको छ । नेपाली भाषा पाठ्यपुस्तकमा  प्रयुक्त नमुना अभ्यासहरूको भाषिक सिप विकासका दृष्टिले उपयुक्तताको अध्ययन गर्ने उद्देश्य राखिएको छ ।

## १.२ समस्याको कथन

नेपाल पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७२ सालको शैक्षिक शत्रदेखि लागु हुने गरी कक्षा ८ मा नयाँ पाठ्यपुस्तक लागु गरेको छ । नेपाली कक्षा ८ दिइएको उक्त पुस्तक कक्षा ८ का नमुना अभ्यासहरू विद्यार्थीहरूलाई सिर्जनशील बनाउन सक्ने कुरामा जोड दिई निर्माण गरिएको छ कि छैन ? छोटा प्रश्नका उत्तर विद्यार्थीहरूले जति राम्ररी लेख्छन, लामा प्रश्न पनि विद्यार्थीका रुचि अनुरुप निर्माण गर्न नसक्नुको कारण के रहेको छ ? विद्यार्थीलाई रुचि लाग्ने किसिमका मात्र अभ्यास निर्माण गर्न कसरी सकिन्छ कि सकिदैन ?

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले देशका सम्पूर्ण पक्षहरूलाई हेरेर पाठ्यक्रमको निर्माण गर्ने जमर्को गरी सैद्धान्तिक ढाँचाको निर्माण गर्दछ जस अनुसार पाठ्यपुस्तक निर्माण हुन्छ । नेपाल भौगोलिक रुपले विविधता भएको राष्ट्र भएकाले यहाँ परिवेश, संस्कृति, परम्परा अनुसार बेग्लाबेग्लै भएकाले एउटै पाठ्यक्रम तथा एउटै पाठ्यपुस्तकले सबैको आवश्यकतालाई समेट्न सक्दैन ।

विद्यालयको परिवेश तथा आर्थिक अवस्थाले सबै विद्यालयसम्म आधुनिक प्रविधि तथा शैक्षिक सामग्री उपलब्ध गराउन नसकेर विद्यार्थीलाई पठनपाठन बोझ भएको छ ।

यस्ता समस्याहरूलाई उठाइने यस अध्ययनमा विद्यार्थीहरूका लागि प्रस्तुत नमुना अभ्यासहरू विद्यार्थीहरूको भाषिक सिप विकास गर्न सक्छ कि सक्दैन ? उक्त अभ्यासहरू विद्यार्थीको शैक्षिक मनोवैज्ञानिक पक्ष अनुरुप छन् वा छैनन् ? पाठ्यक्रमले निर्देशन गरेका विभिन्न प्रकारका भाषिक उद्देश्यहरू पुरा गर्न सक्षम छन् वा छैनन् ? जस्ता समस्याहरूको उत्तर खोज्ने कार्य आजसम्म नभएको देखिन्छ । त्यसैले यस शोध कार्यमा उल्लेखित समस्याहरूलाई मुख्यरुपमा उठाइएको छ ।

- कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत नमुना अभ्यासहरू विद्यार्थीहरूको भाषिक सिप विकास गर्न सक्छ कि सक्दैन ?

- पाठ्यक्रमले निर्देशन गरेका विभिन्न प्रकारका भाषिक उद्देश्यहरू पुरा गर्न सक्षम छन् वा छैनन् ?
- भाषाका चारै सिपको सन्तुलन मिलाएर नमुना अभ्यास दिएको छ कि छैन ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :–

क) भाषिक सिपका आधारमा कक्षा ८ का नमुना अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु ।

ख) नमुना अभ्यासमा रहेका कमी कमजोरी निराकरणका लागि सुझावहरू दिन ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यस शोधकार्यका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरू तयार गरिएको छ :

क) नेपाली कक्षा ८ किताबमा के कस्ता नमुना अभ्यासहरू रहेका छन् ?

ख) नेपाली कक्षा ८ किताबमा प्रयुक्त सुनाइ तथा बोलाइ सिपमा आधारित नमुना अभ्यासहरू के कस्ता छन ?

ग) नेपाली कक्षा ८ किताबमा प्रयुक्त लेखाइ तथा पढाइ सिपमा आधारित नमुना अभ्यासहरूले विद्यार्थीहरूको सिप विकासगर्न के कसरी सहयोग गर्छन् ?

घ) नेपाली कक्षा ८ किताबमा प्रयुक्त नमुना अभ्यासले पाठ्यक्रमको उद्देश्य अनुरुप भाषिक सिपको विकास गर्न सक्छन् ?

ङ) चारओटै भाषिक सिपलाई बराबरी महत्त्व दिइएको छ ?

## १.५ अध्ययनको महत्त्व

भाषा शिक्षण सिपहरूको शिक्षण हो (शर्मा र अधिकारी; २०६१:३) । भाषामा भएका चार सिपलाई सार्थक रुपले व्यवहारमा लागु गर्न तथा भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउनका लागि पाठ्यक्रम निर्माण गरिनु आवश्यक हुन्छ । भाषा पाठ्यक्रमका लक्षित उदेश्यहरू परिपूर्ति गर्नका लागि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण देखिन्छ । भाषा पाठ्यक्रम जतिसुकै राम्रो बनाए पनि सो अनुरुपको पाठ्यपुस्तक निर्माण हुन सकेन भने पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरू पूरागर्न सकिदैन ( अधिकारी;२०५९: २५) । पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, आवश्यकता, क्षमता, स्तर, तह आदिका आधारमा निर्माण गरिनु पर्छ । सामान्यतया पाठ्यपुस्तक निर्माण गर्दा उद्देश्यलाई ध्यन दिनु पर्दछ । प्रस्तुत शोध शीर्षकको नमुना अभ्यासको अध्ययनले यस तहका लागि उपयोगी छ, छैन भन्ने कुराको अध्ययन गर्ने छ । यस अनुसन्धानले शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक र अध्ययन अनुसन्धान कर्ताका निम्ति उपयोगी हुनेछ ।

प्रस्तुत शोधमा नमुना अभ्यासलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकाका आधारमा अध्ययन गरिएको छ । यस्तो अध्ययनमा भाषा पाठ्यपुस्तकमा विद्यार्थीको तह अनुसार नमुना अभ्यासको छनोट गर्नुका साथै भाषिक कुशलताको विकास, विधा र प्रकृति अनुरुपका नमुना अभ्यास भएनभएको थाहा पाउन सकिन्छ । निर्देशिकाको महत्त्वबारे स्पष्ट हुँदै यसै आधारमा नै शिक्षकले भाषा पाठ्यपुस्तकमा रहेका भाषिक सिपमूलक अभ्यास सिकाउन सक्दछन् । शिक्षक र विद्यार्थी बिच अन्तरक्रिया बढाउन, आवश्यक क्रियाकलाप बढाउन सहयोग मिल्ने छ । अभ्यास निमार्णले भाषाको शिक्षणीय उद्देश्य प्राप्तिका लागि सिकाइमा सबल र दुर्बल पक्षको चिनारी गराउँछ । त्यसकारण भाषाको सिप सिकाइमा नमुना अभ्यास महत्त्वपूर्ण गुण निर्धारक तत्त्वका रुपमा रहेको देखिन्छ ( खतिवडा; २०६६:८) ।

यस्ता अध्ययनबाट पाठ्यक्रम  तथा पाठ्यपुस्तकको निर्माण तथा विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरूलाई पाठ्यपुस्तकमा समाविष्ट गरी विद्यार्थी समक्ष पुऱ्याउनका लागि मद्दत मिल्ने छ । शिक्षक तथा विद्यार्थीले के कस्ता भाषिक सिपका लागि कुन कुन अभ्यास र कार्यलाई महत्त्व दिने भन्ने कुरा थाहा पाउने छन् । पाठ्यपुस्तकमा समाविष्ट

नमुना अभ्यासको प्रस्तुतिमा देखिएको कमजोरीहरूको पहिचान गरी नयाँ पाठ्यपुस्तक निर्माणका क्रममा देखिएका कमजोरी सुधार गर्न सहयोग पुग्ने छ । भविष्यमा संशोधन गरिने अभ्यासहरूलाई स्तरीय बनाउनका लागि यस्तो अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ । साथै भावी अनुसन्धाताका लागि पनि यो शोधकार्य मार्गनिर्देशक हुने अपेक्षा गर्न सकिन्छ ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोधपत्र नेपालसरकार शिक्षा मन्त्रालय पठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित नेपाली कक्षा ८ पुस्तकमा प्रयुक्त नमुना अभ्यासको भाषिक सिप विकासका दृष्टिले अध्ययन गर्नुमा सीमित रहेको छ । यस शोधकार्यमा व्याकरणात्मक अभ्यास तथा सिर्जनात्मक अभ्यासको भने अध्ययन गरिएको छैन ।

## १.७ परिभाषिक तथा प्रविधिक शब्दहरू

पाठ्यक्रम : पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वाक्रम

पाठ्यपुस्तक : विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढ्नुपर्ने पुस्तक

नमुना अभ्यास : भाषा पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई अभ्यास गराउने उद्देश्यले प्रत्येक पाठको अत्यमा दिएको विभिन्न किसिमका प्रश्न

शैक्षिक सामग्री : शिक्षण सिकाइका निम्ति प्रयोग गरिने विभिन्न किसिमका सामग्री

सिद्धान्त : कुनै पनि विषयवस्तुमा गहिरो अध्ययन गरी निकालिएको निष्कर्ष वा तात्विक मत

पुस्तकालय : सार्वजनिक रुपले इच्छुक पाठकहरूले विभिन्न सर्तमा पढ्न पाउने हिसाबले विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर वा ठाउँ

कार्यन्वयन : लिखित वा मौखिक रुपबाट गर्न ठहर भएको काम-कारबाहीलाई विधिपूर्वक व्यवहारमा ल्यउने कार्य

विधा : काव्य वा साहित्यमा प्रचलित खासखास विषय

मूल्याङ्कन : मूल्य निर्धारण गर्ने काम, स्तर, योग्यता, विशिष्टता अदिको तौलाइ

तथ्याङ्क : आँकडा, वस्तु, व्यक्ति अदिको सत्य तथ्य हिसाव

विषयवस्तु : कुनै ग्रन्थ वा लेखमा प्रतिपादित वा विवेचना गरिएको विषय वा कुरो

भाषिकसिप : भाषासम्बन्धी ज्ञान वा कला

शोधकार्य : कुनै विषयमा उच्च र विशिष्ट उपाधिका निमित्त स्वीकृति लिएर शोधप्रबन्ध पार्न गरिएको अनुसन्धानात्मक कार्य

# परिच्छद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणत्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

भाषा सिक्नका लागि सबैभन्दा राम्रो उपाय भाषिक सिपहरूको अभ्यास हो । त्यसैले अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रुपमा लिइन्छ । पाठ्यक्रमले अपेक्षा गरे अनुरुप उद्देश्यहरू हासिल भए भएनन् भनेर जाँच्ने माध्यमका रुपमा अभ्यासलाई लिन सकिन्छ । त्यसैले भाषा सिकाइलाई प्रभावकारी रुपले सञ्चालन गर्न नमुना अभ्यास महत्त्वपूर्ण सामग्री देखिन्छ । सिद्धान्त तथ्यहरूको अन्तरसम्बन्धको योग हो, ती तथ्यहरू अनुसन्धानबाटै प्राप्त हुन्छन् (सिवाकोटी; २०६४:३८) । अनुसन्धानबाट विभिन्न अवधारणा, नियम उपनियमहरूको निर्माण गरी त्यसलाई सैद्धान्तिक रुप प्रदान गर्न सकिन्छ साथै अनुसन्धानबाट नयाँ सिद्धान्तको निर्माण गर्न पनि सकिन्छ । कुनै पनि विषयवस्तुको बारेमा अध्ययन गर्नु भनेको मूलतः नयाँ सिद्धान्तलाई जन्माउनु हो । अनुसन्धान के कसरी अघि बढाउने भन्ने सन्दर्भमा सिद्धान्तले निर्देशकको कार्य गर्ने भएकाले अनुसन्धानमा सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहन्छ । सिद्धान्तले अनुसन्धानका लागि समयको बचत, आवश्यक तथ्य कुराहरूको सङ्कलन गरी अध्ययन कार्यलाई व्यवस्थित गर्न र सैद्धान्तिक अवधारणात्मक ढाँचा प्रदान गरी शोधलाई विश्वसनीय बनाउन मद्दत गर्दछ ।

भाषाको सिकाइ अनुभवमा आधारित हुन्छ भन्ने सिद्धान्त व्यवहारवादी सिद्धान्त हो । व्यवहारवादीका अनुसार भाषा सिकाइमा बुद्धि वा मनको सक्रियता रहदैन, प्रमुख माध्यम भनेको अनुभव नै हो (भण्डारी;२०६७ :१३४) । व्यवहारवादी सिद्धान्त स्किनरको सिकाइ सिद्धान्तसँग सम्बन्धित रहेको छ । व्यवहारवादी सिकाइ सिद्धान्त अनुसार बालकलाई नियन्त्रित वातावरणमा अभ्यास गराइन्छ । जबसम्म उसले सही प्रतिक्रिया दिन सक्दैन तबसम्म शिक्षकले निरन्तर अभ्यास गराउँनु पर्दछ । यस सिद्धान्त अनुसार भाषा सिकाइमा अभ्यास तथा अनुभवबाट भाषा सिक्दै निपूर्णता हासिल गर्दछ भन्ने मान्यता व्यवहारवादी सिद्धान्तको रहेको छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका भाषिक नमुना अभ्यासहरूले पनि विद्यार्थीहरूमा अभ्यास र पुनरावृति प्रति जोड दिएको हुन्छ । पटक पटकको अभ्यासबाट नै सही रुपमा सिकाइ निपूणता हासिल

अभ्यासमा सहभागी गराउँनको लागि विभिन्न किसिमका नमुना अभ्यासहरू समावेश गरिएका हुन्छन् । जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

यहाँ " भाषिक सिप विकासका दृष्टिले कक्षा ८ का नमुना अभ्यासको अध्ययन" शीर्षकमा भएका समस्यासँग मिल्ने आधिकारिक साहित्यको पुनरवलोकन गर्ने प्रयास गरिएको छ :

खड्का ( २०५८) द्वारा "कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरूको विश्लेषण" शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । जसमा विविधताको अभाव ; भाषिक सिपमूलक अभ्यासको कमी ; विधामा ध्यान नपुऱ्याउनु जस्ता निष्कर्ष निकालिएको छ ।

ठकुरी (२०६१) द्वारा तयार पारिएको "हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन" शीर्षकको शोध ग्रन्थमा शब्दभण्डार तथा उखान टुक्काको प्रयोग; ज्ञान सम्बन्धी अभ्यासलाई कम महत्त्व दिएको; वर्ण विन्यास र शब्दवर्गसँग सम्बन्धित अभ्यास बढी प्राप्त, तोकिए बमोजिम लेखाइ, पढाइ, सुनाइ, बोलाइलाई महत्त्व नदिएको; प्रश्नहरू स्तरअनुकुल र पाठसँग सम्बन्धित रहेको निष्कर्ष निकालिएको छ ।

बराल (२०६१) द्वारा "कक्षा ७ को महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन" शीर्षकको स्नातकोत्तर तहका लागि तयार पारिएको शोध ग्रन्थमा दुवै पाठ्यपुस्तक तत्कालिक पाठ्यक्रम अनुरुप बनाउन खोजिएको ; विषयगत विविधता र विषयगत दृष्टिले दुवै पाठ्यपुस्तक समान रहेको ; पुस्तक शब्दभण्डार र नमुना अभ्यासका आधारमा हाम्रो नेपाली उत्कृष्ट रहेको ; महेन्द्रमालामा राखिएका नमुना अभ्यासहरू बढी विषयगत प्रकृतिका रहेको र हाम्रो नेपाली किताबको वस्तुगत वालमनोविज्ञानसँग मेल खाने सिर्जनात्मक किसिमका रहेको निष्कर्ष निकालिएको छ ।

थापा (२०६७) द्वारा "कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन" शीर्षक शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाबिष्ट नमुना अभ्यासको अध्ययन गर्नु, कक्षागत र सिपगत आधारमा नमुना अभ्यासको वर्गीकरण गर्नु रहेको छ । भाषाको लेखाइ सिपलाई बढी जोड दिएर बनाएको र अरु

सिपलाई सामान्य स्थान दिएको छ । समष्टिगत रुपमा हेर्दा नमुना अभ्यासहरू स्तरीय देखिन्छन्, समूहगत अभ्यासहरू न्युन देखिन्छन भन्ने निष्कर्ष यसमा निकालिएको छ ।

ढुङ्गाना (२०६७) द्वारा “कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन” शीर्षक शोधकार्य गरिएको छ । जुन शोधकार्यको उद्देश्य उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यास भए नभएको पहिल्याउनु रहेको छ । पुस्तकालयीय तथा तुलनात्मक विधि केन्द्रित रहेर तयार पारिएको यस अध्ययनले भाषिक सिपसँग सम्बन्धित अभ्यासमा क्रमशः सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई महत्त्व दिइएको छ भने दोस्रोमा क्रमशः सुनाइ, पढाइ, बोलाइ, लेखाइलाई महत्त्व दिइएको, भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू पहिलोमा भन्दा दोस्रोमा दोब्बर भन्दा बढी समावेश गरिएका छन् ; यसका आधारमा दोस्रोमा भन्दा पहिलोमा भाषिक सिप विकास तर्फ कम जोड दिइएको छ ।

गेलाल (२०६८) द्वारा “ कक्षा ८ हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन” शीर्षकको शोधकार्य गरेको देखिन्छ । जसमा पढाइ, लेखाइ जस्ता सिप विकासमा सहयोग पुऱ्याउने; मौलिक सिर्जनाका निम्ति सिर्जनात्मक अभ्यास रहेको; कतिपय अभ्यासको निर्देशन स्पष्ट नभएर अन्योलता देखिएको; रुपक, दैनिकी तथा संवाद विधा समावेश गराउनु पर्ने देखिए पनि समग्रमा औसतरुपमा रहेको निष्कर्ष निकालिएको छ ।

दाहाल (२०६८) द्वारा “ मेरो नेपाली किताब कक्षा पाँच र रसिलो नेपाली पाँचमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन ” शीर्षकको शोधकार्य गरेको देखिन्छ । जसमा विषयगत प्रश्नमा निक्कै सामानता भएपनि वस्तुगत प्रश्नमा रसिलो नेपाली पुस्तक राम्रो भएको ; हाम्रो नेपालीमा व्याकरण अभ्यासमा जोड दिएको भने रसिलो नेपालीले शब्दभण्डारका अभ्यासमा जोड दिएका जस्ता निष्कर्ष निकाली सबै पाठमा अभ्यासको समानता कायम गर्नुपर्ने ; धारणात्मक अभ्यास राखिनु पर्ने ; मेरो नेपालीले सिर्जनात्मक अभ्यासमा जोड दिनुपर्ने जस्ता सुझाव दिएको छ ।

काफ्ले (२०६९) द्वारा “कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन” शीर्षकमा शोधकार्य गरेको पाइन्छ । जसमा नमुना अभ्यासलाई ज्ञान, बोध तह तथा व्यवहारिक सिप समेट्ने सिपमूलक र व्यवहारिक; सरलदेखि जटिलताको क्रममा राखेको; भाषिक

सिपका दृष्टिले सन्तुलन मिलाउन खोजेको कुरालाई सबल पक्ष मान्दै सुनाइ तथा बोलाइ सिपमा जोडदिने तथा चित्रात्मक  अभ्यासमा अझ बढी जोड दिनु पर्ने निष्कर्ष निकालिएको छ ।

पराजुली (२०६९) द्वारा "कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपाली भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन" शीर्षक शोधकार्य गरिएको छ । जसमा तुलनात्मक अध्ययन गरी हाम्रो नेपाली किताबमा शब्दार्थ बढी रहेको; दुवैले शब्दभण्डार र शव्दवर्गसँग सम्बन्धित अभ्यासलाइ बढी जोड दिएको; व्याकरण अभ्यासलाई हाम्रो नेपालीले राम्रोसँग प्रस्तुत गरेको र दुवैले सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई महत्त्व दिएको निष्कर्ष निकालेको पाइन्छ ।

प्रस्तुत शोधशीर्षकहरूलाई केलाएर हेर्दा भाषिक मूल्याङ्कनका सम्बन्धमा राम्रैसँग अनुसन्धान भएको देखिए पनि भाषिक सिपसँग सम्बन्धित गुणात्मक पक्षहरू समेट्न सकेको देखिदैन । यस्ता शोधकार्यबाट  विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गर्न , भाषिक सिप प्राप्त गर्न मद्दत गर्ने छ ।  नमूना अभ्यासको  वर्गीकरण तथा विश्लेषणत्मक अध्ययनबाट विद्यार्थीहरूको आदानात्मक तथा प्रदानात्मक भाषिक सिप सम्बद्ध पक्षलाई समान महत्त्व दिन र त्यसअनुसार नमुना अभ्यासलाई सन्तुलित बनाउन सम्बन्धित पक्षलाई सुझ प्रदान गर्ने छ । यस अध्ययनबाट नमुना अभ्यासलाई उपयुक्त र स्तरयुक्त बनाउन पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सुझाव प्रदान गरी समयसापेक्ष पाठ्यपुस्तक  निर्माण गर्न मद्दत पुग्ने छ । त्यसैले यस अध्ययनबाट नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास सम्बन्धी व्यवहारिक र सिपमूलक धारणा निर्माण गर्न सकिनेछ भन्ने अपेक्षा गरिएको छ ।

## २.३ पुनरवलोकनको उपदेयता

नमुना अभ्यास सम्बन्धी विभिन्न अध्ययनहरूले फरक-फरक दृष्टिकोण तथा आधारहरूबाट अभ्यासहरूको विश्लेषण गरेको पाइन्छ । विविध सन्दर्भमा यस कक्षा ८ को नेपाली भाषा पाठ्पुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन भए तापनि परिमार्जित पाठ्यक्रम अनुरुपको यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको भाषिक सिप विकासका दृष्टिले अध्ययन नभएकाले यो शोधकार्य गर्ने प्रयास गरिएको हो । यस परिमार्जित पाठ्यक्रम अनुरुपको यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रम अनुरुप छन वा छैनन् ? पाठ्यक्रमले निर्देशन गरे अनुरुप विषयवस्तुको

संयोजन गरी सोही अनुरुप अभ्यास भए नभएको ? पाठ्यक्रमको उद्देश्यले नमुना अभ्यासलाई समेट्न सके नसकेको ? भाषिक सिप विकास गर्न सक्ने नसक्ने ? कुरा थाहा पाउन भाषाका चार सिपका आधारमा विश्लेषण गरिएको छ र यस अध्ययनले शिक्षक, विद्यार्थी तथा पाठ्यक्रमविद्हरूलाई थप सामग्रीको रुपमा प्रत्यक्ष रुपमा सहयोग गर्ने छ ।

नमुना अभ्यास सम्बन्धी गरिएका प्रस्तुत अध्ययनहरू तुलनात्मक अध्ययन, पाठ्यक्रमसँगको अनुरुपताको अध्ययन, नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन, व्याकरण सम्बन्धी अध्ययन, समग्र नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन शीर्षकमा भएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने देखिन्छन् । अध्ययनबाट निकालिएका निष्कर्षहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमी कमजोरीहरू पत्ता लगाई कमजोरी निराकरण गर्न मद्दत मिल्दछ । पाठ्यक्रमले निर्देशन गरे अनुरुप विषयवस्तुहरूको संयोजन गरी सोही अनुरुपको नमुना अभ्यास भए नभएको, भाषिक सिप विकासका लागि उपयुक्त नमुना अभ्यास हुन सके नसकेको थाहा पाउन पनि नमुना अभ्यास सम्बन्धी अध्ययन उपयोगी हुने देखिन्छ । नमुना अभ्यास सम्बन्धी गरिएका प्रस्तुत पूर्वकार्यहरूले शिक्षकलाई शिक्षण सिकाइ कार्यकलापमा तथा विद्यार्थीहरूलाई भाषिक सिप हासिल गर्न मद्दत पुग्ने देखिन्छ । प्रस्तुत पूर्वकार्यहरूबाट निकालिएका निष्कर्षहरूका आधारमा नमुना अभ्यासलाई विविध दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको भएतापनि प्रस्तुत भाषिक सिप विकासका दृष्टिले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।


## २.४ सैद्धान्तिक / अवधारणात्मक ढाँचा

भाषा सिकाइले सिकारुमा भाषिक ज्ञान नदिएर भाषिक सिपमा दक्षता हाँसिल गराउनु हो । जसका लागि अभ्यास अनिबार्य सर्तका रुपमा रहन्छ । भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सिपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ ( भण्डारी र अन्य; २०६८:२१७) । अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रुपमा लिइन्छ । भाषाका चारै सिपहरूलाई अत्यन्त महत्त्वपूर्ण रुपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हाँसिल गर्न अभ्यास नगरी सम्भव हुँदैन (

गेलाल;२०६८ः १०) । भाषा सिकाइलाई ज्ञानमूखी नबनाएर सिपमूखी बनाउनु पर्ने भएकाले भाषा सिकाइमा नमुना अभ्यासलाई महत्वपूर्ण सामग्रीका रुपमा लिनु पर्छ ।

भाषा सिकाइका सैद्धान्तिक आधारका रुपमा थर्नडाइक, प्याभलभ र स्किननरको व्यवहारवादी सिद्धान्त तथा वर्दिमर, पियाजे र कोह्लरको मनोवादी सिकाइ सिद्धान्तका मान्यताहरु रहेका छन् । निरन्तर अभ्यासले नै सिकाइ हुन्छ तथा अभ्यासले मानिसलाई पूर्ण वनाउँछ भने जस्ता दृष्टिकोणको यस सोधकार्यसँग सैद्धान्तिक सम्बन्ध रहेको छ ।

पाठ्यक्रमले भाषा पाठ्यपुस्तकको निर्माण नै अभ्यासपरक रुपमा गर्नु पर्ने हुन्छ । अनि मात्र पाठ्यक्रमले राखेका उद्देश्य पुरा हुन सक्छ । यस शोधकार्यमा कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरुप भए नभएको, भाषिक सिपलाई उजागर गर्न सक्षम भए नभएको विषयमा पाठ्यक्रम र पाठ्यपुस्तक आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस शोधकार्यको अवधारणात्मक ढाँचालाई चित्रात्मक रुपमा तल देखाइएको छ :-




तालिका नं. १

आधारभूत शिक्षा पाठ्यक्रमले नि.मा. वि. तह कक्षा ८ को नेपाली भाषा पाठ्यक्रम तयार पारी वि.सं. २०७२ सालबाट लागु गरेको छ । यस पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास पाठ्यक्रम अनुरुप भए नभएको, भाषिक सिप विकास गर्ने नगर्ने, जस्ता समस्यामा आधारित  भएर निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

# परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

शोध प्रस्ताव आफ्नै अङ्गउपाङ्ग भएको संरचना हो (शर्मा र लुइटेल; २०६६: २०) । त्यसैले शोध कार्य औपचारिक तथा व्यवस्थित कार्य हो । यसमा खास विषयसँग सम्बन्धित भएर अध्ययन गरिएको हुन्छ । स्पष्ट अध्ययन विधि विनाको शोधकार्य निरार्थक हुने हुँदा स्पष्ट अध्ययन विधिको प्रयोगले शोधकार्य सफल बनाउन उपयुक्त ढाँचाको आवश्यकता पर्दछ (थापा; २०६६: १८) । यस शोधकार्यका लागि पुस्तकालयीय, तुलनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिने छ । विभिन्न सामग्रीहरूको सङ्कलन गरी त्यसको व्याख्या गरिएको छ । साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्थाङ्क सङ्कलन गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन साधन, तरिका र प्रक्रिया

यस शोधकार्य तयार गर्न गुणात्मक पुस्तकालय विधिको प्रयोग गरिएको छ । पुस्तकालयबाट विभिन्न पुस्तक, अभ्याससम्बन्धित पुस्तकहरू तथा शोधपत्र अध्ययन गरिएको छ । त्यसैगरि कक्षा ८ को भाषा पाठ्यपुस्तक र पाठ्यक्रमको अध्ययनबाट पुस्तकमा भएका नमुना अभ्यासको तालिका निर्माण गरिएको छ । नमुना अभ्यासलाई विधा अनुसार भाषाका चारै सिपमा आधारित अभ्यासहरू छुट्याइएको छ । यसै आधारमा रहेर निष्कर्ष निकालिएको छ ।

## ३.३ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तथ्याङ्क सङ्कलन गरिसकेपछि विभिन्न आधार बनाई तिनको व्याख्या विश्लेषण कार्य गरिएको छ । भाषा पाठ्यपुस्तकमा भएका अभ्यासलाई भाषिक सिप अभिवृद्धिका दृष्टिले विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ परिचय

भाषालाई कुशल ढङ्गले व्यवहार गर्ने कला नै भाषिक सिप हो । भाषिक सिपमा अभ्यस्त बनाउनका लागि अभ्यासको धेरै महत्त्व हुन्छ । अभ्यासले नै मानवलाई भाषिक व्यवहार गर्न सक्षम बनाउँछ । भाषालाई व्यवहार गर्न चाहिने सिपहरू मध्ये सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन । ती मध्ये सुनाइ र पढाइ ग्रहणात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत सिप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन (शर्मा र भण्डारी; २०६८: १०८) । यी चारवटै सिपको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध हुन्छ । एउटा सिपको अभावमा अर्को सिपको अस्तितत्व नै लोप भएर जान सक्ने देखिन्छ । भाषा शिक्षणका क्रममा यी चार सिपलाई समान महत्त्व लिएर अगाडि लान सके नै भाषा शिक्षणको अभिष्ट पूरा हुन्छ । भाषा शिक्षण भन्नसाथ सुनाइ, बोलाइ, पढाइ र लेखाइ आउँछन् । यी भाषाका सिप भएता पनि सर्वप्रथम अरु कसैले बोलेको सुन्न पाउनुपर्दछ अनि मात्र सुनाइ सिपको विकास हुन्छ । सुनाइ सिपको बिकास भएपछि बोलाइ र बोलाइमा अभ्यस्त भएपछि लेखाए र पढाइ सिपको बिकास हुन सक्छ ( पाण्डेय; २०५२: ३) ।

भाषा शिणमा बिषयवस्तु गौण र भाषिक सिपहरू प्रमुख रहन्छन् । सुनाइ र बोलाइ सरल एवम् पूर्ववर्ती सिप हुन भने पढाइ र लेखाइ तीभन्दा जटिल र उत्तरवर्ती सिप हुन् । यिनीहरूको क्रम जस्तो भएपनि कक्षाको स्तर अनुसार सबै सिपहरूको शिक्षण गर्नु आवश्यक हुन्छ अनि कक्षा वा स्तरवृद्धि हुँदै जाँदा ती सिपहरू पनि क्रमशः स्तरीकृत हुँदै जान्छन् । अर्को किसिमले भन्ने हो भने भाषिक सिपको विकास नै भाषिक कलाको विकास पनि हो । त्यसैले भाषिक सिप र भाषिक कलाको बिचमा पर्यायवाची सम्बन्ध छ र दुबै एक अर्कासित अन्तर सम्बन्धित देखिन्छन् । सिप तथा कला जति अभ्यास गर्‍यो त्यति समृद्ध र परिष्कृत हुँदै जाने भएकाले भाषिक सिप वा भाषिक कलाको विकासमा अभ्यासको सर्वाधिक महत्त्व रहन्छ (शर्मा र भण्डारी; २०६८: १०८) । सुनाइ सिपको विकास गराउनका लागि श्रुतिबोध, श्रुतिवर्णन, श्रुतिरचना, श्रुतिउच्चारण, श्रुतिलय, श्रुतिप्रश्नोत्तर, श्रुति कथा कथन जस्ता अभ्यास गराउनु राम्रो देखिन्छ । यस्तै अभ्यासमा आधारित भएर शिक्षण गरेको खण्डमा नै सुनाइ सिपमा दक्षता हाँसिल गर्न सकिन्छ । सुनाइ सिपको सम्बन्ध सबै सिपसँग अन्योन्याश्रित छ भन्ने कुरा माथिको कथनबाट प्रष्ट

हुन्छ । यसपछिको बोलाइ सिप विकासमा पनि सुनाइ नै आधारभूत आवश्यकता हो । भाषाको प्रकटीकरण गर्ने पहिलो र आधारभूत सिप बोलाइ हो । यो सिप विकासको लागि कुराकानी, गफगाफ, मौखिक प्रश्नोत्तर, वस्तु वा चित्र वर्णन, कथा कथन, यात्रा वर्णन, मौखिक प्रतिवेदन, विभिन्न खेल, वाद विवाद, नाट्यात्मक अभियान जस्ता अभ्यासहरूको आवश्यकता पर्छ ।

लेखाइ र पढाइ सिप सुनाइ र बोलाइ भन्दा केही कठिन सिप हुन । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सुचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्ने कला पढाइ सिप हो । यो सिप सामान्य भाषिक व्यवहार देखि वृहत् ज्ञान प्राप्तिका लागि आवश्यक मानिन्छ । यो सिप विकासका लागि मौन पठन, सस्वर पठन, लयात्मक पठन, द्रुत पठन, भाव पहिचान जस्ता अभ्यासहरूको आवश्कता पर्दछ साथै मानिसको सामान्य अभिव्यक्ति बोलाइ सिपबाट भएपनि यस सिपमा दक्षता हाँसिल गर्न लेखाइ सिप आवश्यक हुन्छ । सुने, जाने, पढेका र अनुभव गरेका कुराहरूलाई स्थायित्व प्रदान गर्नका निम्ति लेख्य माध्ययमलाई रोजिन्छ । लिखित अभिव्यक्ति वा लेखाइ लिपि चिह्नमा प्रकट हुने हुनाले भाषाका चारसिप मध्ये यो अन्तिम तर महत्त्वपूर्ण उपाय मानिन्छ ( पौडेल;२०६६: ३०९)। यो सिप विकासका लागि अनुलेखन, श्रुतिलेखन, हस्तलेखन, अनुभव तथा घटना वर्णन, चिठी तथा निवेदन लेखन जस्ता अभ्यासहरूको आवश्यकता पर्दछ ।

यस्तै भाषिक सिपहरूमा पूर्णता प्राप्तिका लागि अभ्यासको आवश्यकता भएको हो । अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रुपमा लिइन्छ । त्यसैले भाषा सिकाइमा नमुना अभ्यास महत्त्वपूर्ण सामग्रीको रुपमा देखिन्छ । भाषाको ज्ञान र सिपको स्थायित्वको लागि निरन्तररुपले अभ्यास गर्नु जरुरी छ । धेरै जसो विषयमा शिक्षणका निमित्तको प्रयोग भन्दा अभ्यास गराउनु उचित देखिन्छ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषयको अध्ययन गरे पश्चात त्यस विषय वस्तुसँग सम्बन्धित सिप उजागर गर्ने किसिमका अभ्यास दिइएको छ । जुन अभ्यासको कार्य विषयवस्तुको ज्ञान भन्दापनि भाषिक सिपको अभिवृद्धिमा केन्द्रित हुन्छ ( गेलाल; २०६८: १७ ) ।

नमुना अभ्यासको प्रयोग खासगरी 'गर र सिक' भन्ने धारणाबाट समावेश गरिएका हुन्छन् । लेखाइ सिपको लागि उपयोगी हुने सामग्रीहरूको व्यवस्थाले अभ्यासलाई अझ बढी प्रभावकारी बनाएको हुन्छ । यस्ता सामग्रीहरू व्याकरण, शब्दभण्डार र पठन बोधसँग सम्बन्धित गराएर राखिन्छन् । व्याकरणसम्बन्धी अभ्यासहरू पाठसँग एकिकृत गराइ राख्नु पर्दछ । एकिकृत गरेर राखेका नमुना

अभ्यासमा प्रयोग गरिएका सामग्रीहरू अभ्यास र पुनरावृतिको अवधारणावाट अघि सारिएका हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीहरूले के कति शिक्षण सिकाइ उपलब्धि हासिल गरे भन्ने जानकारीका लागि नमुना अभ्यासको जानकारी मिलाइएको हुन्छ । अभ्यासहरू विद्यार्थीले शिक्षणीय क्रियाकलापका सहायताबाट समस्याको समाधान गर्न सक्ने हुनु पर्दछ । यस्ता अभ्यासबाट भाषाको ज्ञान, सिपको मूल्याङ्कन गर्न सकिन्छ । शिक्षक र विद्यार्थीहरूको शैक्षिक कार्यक्रमलाई निरन्तर रुपमा अघि बढाउँन अभ्यासले नै मद्त गर्छ । शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न र निर्माणात्मक मूल्याङ्कनलाई सहज बनाउन अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

भाषा पाठ्यपुस्तकमा विभिन्न विषयक्षेत्रका विधाहरू समावेश गरिनुको उद्देश्य विभिन्न भाषिक सिपमा कुशलता प्राप्त गराउँनु पनि हो । अन्य विषयका सिकारुलाई जस्तो भाषाका सिकारुलाई निर्देशन र प्रयोगबाट मात्र सिकाउन सम्भब हुँदैन । त्यसका लागि प्रशस्त अभ्यासको व्यवस्था गरिएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू भाषिक सिपका साथै पठनबोधसँग सम्बन्धित हुनु पर्दछ । पाठ्यवस्तु अनुसार अभ्यास राखिने हुनाले विधाको प्रतिनिधित्व हुनेगरी अभ्यासको निर्माण गरिएको हुन्छ । विषय गत र पठनबोध जस्ता सामग्री राखेपनि तिनीहरूले भाषिक सिपलाई उजागर गर्ने किसिमका अभ्यासहरू राखिनु पर्दछ । भाषिक सामग्रीका रुपमा शब्दभण्डार, भाषिक संरचना, वाक्यात्मक संरचना, र वाक्यांश आदिलाई अभ्यासमा समावेश गरिन्छ । विषयगत सामग्रीले धारणा र विचारलाई स्पष्ट पार्ने गरी बोधसँग समाहित हुने सामग्रीहरू समावेश गरिएको हुन्छ ।

## ४.२ 'पाठ एक : नेपाल' कवितामा समाविष्ट नमुना अभ्यास

कविता लयात्मक विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथनपद्धतिको प्रयोग गरी जीवन-जगत्‌को वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रुपमा चिनिन्छ (भण्डारी र पौडेल; २०६६:१) । त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय, र भाव अनुरुप पठन गर्न सक्ने, अनुभूति गर्न सक्ने, भाव एवम् महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सिपको विकास गरी कविताप्रति अभिरुचि जाग्नु पर्छ । कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो । कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु

उपयुक्त हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सिपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो ।

**४.२.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित नमुना अभ्यास :**

यस पाठमा विद्यार्थीहरूमा सुनाइ र बोलाइ सिप विकास गराउन निम्न अभ्यासहरू राखिएको छ :

प्रश्न (क) : तलका शब्द शुद्धसँग उच्चारण गर : (नेपाली; ४)

-तन्त्र, लयबद्ध, गुह्य, ध्वनि, वर्ण

प्रश्न (ख): सुन र लेख : (नेपाली; ४)

-सौन्दर्य, इज्जत, ज्यामी, वृक्ष, पुर्खा, विपत्ति

माथि प्रश्न 'क' को अभ्यासले विद्यार्थीलाई सही सुन्न र सही उच्चारण गर्न सहयोग गर्ने भएकाले यसले सुनाइ तथा बोलाइ सिपको विकासमा सहयोग पुऱ्याउने देखिन्छ भने प्रश्न 'ख' को अभ्यासले विद्यार्थीमा ध्यान दिएर सुन्न र शुद्ध लेख्न सहयोग गर्ने अपेक्षा राख्न सकिन्छ । जसले सुनाइ तथा बोलाइ सिपको विकास गर्न सहयोग गर्दछ ।

**४.२.२ पढाइ र लेखाइ सिपसँग सम्बन्धित नमुना अभ्यास :**

विद्यार्थीहरूमा उच्चारण, पठन तथा वाचन सिप विकास गराउन  तथा विद्यार्थीहरूमा लेखाइ सिप विकास गराउन अघिल्ला तिन सिपमा पोख्त गराउनु पर्ने हुन्छ । त्यसैले लेखाइ तथा पढाइ सिपमा बढी भन्दा बढी अभ्यास गराउन निम्न नमुना अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) : 'नेपाल' कविता साथीहरूसँग मिली समूहमा लय मिलाएर वाचन गर : (नेपाली; ३)

प्रश्न (ख) : तलका जोडी शब्दहरू शुद्धसँग उच्चारण गर र शिक्षकलाई सोधेर फरक अर्थ बुझ : (नेपाली; ४)

- देश–द्वेष, लता–लटा, नशा–नसा, दिशा–दिसा, दिन–दीन

प्रश्न (ग) : मिल्ने शब्द छानेर खाली ठाउँ भर : (नेपाली; २)

सहारा, प्यारो, फाँसी पसिना

क) हाम्रो देश हामीलाई..........लाग्छ ।

ख) ज्यामी, सिपाही र किसानहरू यस देशका.........हुन् ।

प्रश्न (घ) : तलका प्रश्नहरूको उत्तर एक वाक्यमा लेख : (नेपाली; ३)

क) पसिनाका धारा कहाँ बहन्छन् ?

ख) हाम्रा पर्वतहरू के जस्ता छन् ?

प्रश्न (ङ) : तलका प्रश्नहरूको उत्तर देऊ : (नेपाली; ३)

क) कवितामा कविले नेपालको प्राकृतिक सुन्दरताको वर्णन कसरी गरेका छन, स्पष्ट गर ।

ख) कवितामा हाम्रा पुर्खाहरूले देशका निम्ति दिएको योगदानलाई के कसरी वर्णन गरिएको छ, लेख ।

प्रश्न (च) : नेपाल कविताको भाव लेख : (नेपाली; ३)

प्रश्न (छ): उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाऊ : (नेपाली; ३)

| | | | | | |
|---|---|---|---|---|---|
| इज्जत | खुला | स्वर्ग | चढ्न | पवित्र | |
| बन्द | ओर्लन | शान्ति | बेइज्जत | नरक | अपवित्र |

प्रश्न (ज): उस्तै अर्थ दिने शब्द लेख : (नेपाली; ३)

देश :......... विशाल :....... पर्वत :........वृक्ष :...... ध्वनि :....... किसान :.........

प्रश्न (झ): कविताको दोस्रो श्लोक शुद्धसँग सार । (नेपाली; ४)

प्रश्न (ञ): तलका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (नेपाली; ४)

प्यारो, मन्त्र, मान, सङ्गीत, पुर्खा

माथि दिएका प्रश्न 'क र ख' विद्यार्थीमा शुद्ध वाचन तथ उच्चारण सिप विकास गर्न सघाउ पुऱ्याउँछ । यी अभ्यासहरू पढाइ सिपसँग सम्बन्धित रहेको देखिन्छ भने प्रश्न 'ग,घ,ङ र च' ले विद्यार्थीहरूमा पढाइ सिपको विकास गर्ने अपेक्षा राख्न सकिन्छ किनकी सम्पूर्ण पाठको पढाइ पश्चात मात्र उत्तर लेख्ने तथा खालीठाउँ भर्ने क्रियाकलाप गर्न सकिन्छ । पढाइ सिपको प्राप्ति पश्चात मात्र लेखाइ सिप अभ्यास गर्ने अवसर विद्यार्थीलाई प्राप्त हुन्छ साथै प्रश्न 'छ,ज,झ र ञ' ले विद्यार्थीलाई लेखन सिपमा सघाउ पुऱ्याउने देखिन्छ । पाठ सार्न तथा वाक्य बनाउन सक्ने भएपछि मात्र लेखन सिपको विकास भएको मानिन्छ । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्म रुपले पढ्ने बानी बसाल्ने भएकाले पढाइ सिपमा आधारित देखिन्छन् ।

### ४.२.३ निष्कर्ष

'नेपाल' कवितामा प्रयुक्त अभ्यास, शब्द भण्डार तथा उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सिपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ र बोलाइ सिपका लागि सुन र लेख तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त हुन्छ । पढाइ सिपका लागि पाठको सस्वर वाचन गर्ने अभ्यास उपयुक्त छ साथै खालिठाउँ भर्ने, छोटो उत्तर लेख्ने जस्ता अभ्यासले पनि लेखाइ भन्दा पढाइ सिपलाई विकास गर्ने देखिन्छ । जम्मा १४ वटा अभ्यास भएको यो पाठमा ९ वटा पढाइ र लेखाइ सिपमा आधारित भएपनि लेखाइ सिपले अगाडिका तिनओटै सिपलाई सँगसँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरूले भाषिक सिप विकास गर्ने देखिन्छ ।

## ४.३ 'पाठ दुई : भाग्य' कथामा समाविष्ट नमुना अभ्यास

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै

सहज हुन्छ (शर्मा र पौडेल, २०६८; २७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ । यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ ।

**४.३.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित नमुना अभ्यास :**

पाठमा सुनाइ र बोलाइसँग सम्बन्धित नमुना अभ्यासहरू निम्न छन् :

प्रश्न (क): माथिको पाठ पालैपालो एक एक अनुच्छेद पढेर कक्षामा सुनाऊ । (नेपाली; ९)

प्रश्न (ख): उत्तर भन : (नेपाली; ९)

क) पुन्टे किन छक्क परेर हेरी रहेको थियो ?

ख) दिउँसोको छुट्टीमा केटाहरू के गर्थे ?

प्रश्न (ग): तलका शब्दहरूको शुद्धसँग उच्चारण गर : (नेपाली; १०)

छैटी, टुलुटुलु, जुठेल्ना, जस्केलो

माथिका प्रश्न 'क र ख' ले विद्यार्थीहरूमा राम्रोसँग पढ्ने र कक्षामा भनिएका कुराहरूलाई ध्यानपूर्वक सुन्ने बानीको विकास गर्ने भएकाले सुनाइ र बोलाइ सिपको विकास गर्दछ भने प्रश्न 'ग' ले विद्यार्थीमा ध्यानपूर्वक सुन्न, सही उच्चारण गर्न सघाउ पुऱ्याउँछ । जसले सुनाइ र बोलाइ दुबै सिपको एकै पटक अभ्यास गराउँछ ।

**४.३.२ पढाइ र लेखाइ सिपसँग सम्बन्धित नमुना अभ्यास :**

यस पाठमा पढाइ र लेखाइ सिपको विकास गर्न राखिएका अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न (क): कसले कसलाई किन भनेको हो, लेख : (नेपाली; ९)

क) भाग्य भनेको देउताले हाम्रो निधारमा लेखेको कुरा हो ।

ख) हामीले तेरो छैटीमा देउतालाई तेरो भाग्य लेख्न दिएनौं नि ।

प्रश्न (ख) : ठिक उत्तरमा ठिक (✓) चिह्न लगाऊ :(नेपाली; ९)

क) धनीराम कसको नाम हो ?

अ.बुबाको आ.आमाको इ.साहुको

प्रश्न (ग): उत्तर लेख : (नेपाली; १०)

क) पुन्टेले किन घुटुक्क थुक निल्यो ?

ग) 'भाग्य' कथाबाट के शिक्षा पाइन्छ ?

प्रश्न (घ): भाव स्पष्ट गर : (नेपाली; १०)

अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ ।

प्रश्न (ङ): उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाई कापी सार : (नेपाली; १०)

धनी, धेरै, बलियो, कमजोर, थोरै, गरिब, नयाँ, पुरानो

प्रश्न (च): तल दिएका शब्दहरू सच्याऊ : (नेपाली; ११)

जिग्यासु, स्वाइ, घुतुक्क, वेचइन, परिशर्मी

प्रश्न (छ): पाठबाट पुन्टे, घुटुक्क, थुक्क जस्ता ह्रस्व उकार हुने दस ओटा शब्दहरू खोजेर लेख । (नेपाली; ११)

माथिका प्रश्न 'क र ख' गर्नका लागि विद्यार्थीले सूक्ष्म रुपले पाठ पढ्नु पर्दछ । त्यसैले यस्ता अभ्यासले लेखाइ पढाइ दुबै सिप विकासमा बराबर सहयोग पुऱ्याउँछ । साथै अभ्यास 'ग र घ' ले

विद्यार्थीमा पढ्ने बानीको विकास गर्दै मौलिक लेखनमा सहयोग गर्ने देखिन्छ भने शब्दभण्डारमा दिएका प्रश्न 'ङ, च, र छ' अभ्यासले विद्यार्थीलाई शब्दज्ञान गराउने उद्देश्य राखेपनि शब्दहरूको अर्थ, वाक्यमा प्रयोग, सच्याएर लेख्न पाठको अध्ययन अनिवार्य छ । त्यसैले यस्ता अभ्यासबाट लेखाइ सिप कम र पढाइ सिपको बढी विकास हुने देखिन्छ ।

### ४.३.३ निष्कर्ष

'भाग्य' कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १२ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । कथा पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, शब्दभण्डार, उखानको प्रयोग तथा उच्चारण जस्ता अभ्यासहरू समावेश गरेर बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई उखानको ज्ञान र अभ्यास गराउने कार्यले विद्यार्थीको पढाइ र लेखाइमा भने थप निखारता ल्याउने देखिन्छ ।

## ४.४ 'पाठ तिन : देवकुमारी थापा' जीवनीमा प्रयुक्त नमुना अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, स-प्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सिप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम; २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

### ४.४.१ सुनाइ र पढाइ सिपसँग सम्बन्धित अभ्यासहरू

जीवनी विधाको उद्देश्य मौखिक तथा लिखित अभिव्यक्ति सिपको विकास गर्नु भएकाले यस सिपको विकास गर्न प्रस्तुत अभ्यासहरूको प्रयोग गरिएको छ :

प्रश्न : पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन । (नेपाली; १७)

प्रश्न : ठिक उच्चारण गर : (नेपाली; १८)

प्रेरक, प्रतिभाशाली, पथ प्रर्दशक, स्वर्ण पदक, प्रोत्साहन, समग्र, उदाहरण

यस्ता अभ्यासले विद्यार्थीमा स्पष्टसँग सुन्ने, शब्दहरूको स्वरुप ठम्याउने र सोही अनुसार बाचन गराउने भएकाले यी अभ्यासहरू सुनाइ र पढाइ सिप विकासका लागि उपयुक्त देखिन्छन् ।

### ४.४.२ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यी सिपको विकासका लागि यास पाठमा यस्ता अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : एक वाक्यमा उत्तर भन : (नेपाली; १७)

क) देवकुमारीको जन्म कहाँ र कहिले भएको थियो ?

ख) देवकुमारी थापाले किन बाल साहित्यको पुस्तक लेख्न थालिन् ?

प्रश्न : शिक्षकबाट सुनेर तलका शब्दहरूको उच्चारण गर : (नेपाली ; १९)

क) कर्तव्य, भविष्य, व्यक्तित्व, अस्तित्व, अन्याय, कन्या, मान्य

ख) टाठो, तातो, तारा, टाढा, ठाम, थाम, डाम, दाम, डर, दर

निम्न अभ्यासले विद्यार्थीलाई प्रष्टसँग सुन्नका लागि मात्र नभएर सुनाइका आधारमा बोल्न पनि लगाउने भएकाले तथा सूक्ष्म अध्ययन गर्न प्रोत्साहन दिने भएकाले सुनाइ र बोलाइ सिपको विकास गर्न उपयुक्त नै देखिन्छन् ।

### ४.४.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यास समाबेश गरिएको छ :

प्रश्न (क): मिल्ने शब्द छानेर खाली ठाउँ भरी वाक्य पूरा गर : (नेपाली; १७)

क) असल काममा हौसला दिने व्यक्ति.....हुन्छन् ।(थोरै, ज्यादै, अलिकति)

ख) बाल बालिकाहरू नै देशका भबिष्य.....हुन् ।(भार, निर्माता, खेलाडी)

प्रश्न (ख): ठिक उत्तरमा ठिक (✓) चिह्न लगाऊ : (नेपाली; १७)

क) देवकुमारी थापाले गरेको नयाँ काम के हो ?

अ) बाल कथा लेखन आ) बाल पत्रिका प्रकाशन

इ) बाल नाटक मञ्चन ई) बाल मन्दिर सञ्चालन

प्रश्न (ग): उत्तर लेख : (नेपाली; १८)

क) देवकुमारीको बाल साहित्यमा कस्तो योगदान रहेको छ ?

ख) देवकुमारीलाई किन उच्च विचार भएकी व्यक्ति भनिन्छ ?

प्रश्न (ग) : देवकुमारी थापाले शिक्षा, स्वास्थ्य र साहित्यमा दिएको योगदानको चर्चा गर ।

प्रश्न (घ): पाठको तेस्रो अनुच्छेद पढी चार ओटा बुँदाहरू टिपेर सारांश लेख ।

प्रश्न (ङ): तलका शब्दको अर्थ बताऊ : (नेपाली; १८)

जग, प्रेरणा, निर्माता, अमर, उदाहरण, व्यवस्था, चौतर्फी, हौसला, कर्तव्य, अडिग

प्रश्न (च): अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (नेपाली; १८)

आफन्त, आजीवन, मानव, समर्पित, प्रेरणादायी, मुहान

प्रश्न (छ): ठिक हिज्जे भएको शब्द छानेर लेख : (नेपाली; १९)

क) सन्तती शन्तती सन्तति

ख) विविध बिबिध विवीध

माथिका प्रश्न ' क र ख' अभ्यास विद्यार्थीले लेखनको रुपमा मात्र अभ्यास गरेता पनि यस्ता प्रश्नको उत्तर पहिचानका लागि सूक्ष्म अध्ययन जरुरी हुन्छ त्यसैले यी अभ्यासले लेखाइ भन्दा पढाइ सिपको विकासमा बढी सहयोग पुऱ्याउने देखिन्छ भने प्रश्न 'ग र घ' अभ्यासले विद्यार्थीमा पढाइ सिपका साथै लेखाइलाई पनि प्रशस्त जोड दिने भएकाले यी अभ्यासहरू लेखाइ सिप विकासमा सहयोगी देखिन्छन् साथै प्रश्न 'ङ, च र छ' अभ्यासहरू पनि लेखाइ भन्दा पढाइ सिपमा आधारित देखिन्छन् । यस किसिमका अभ्यासले विद्यार्थीमा पढाइ र लेखाइ सिपको सँगसँगै विकास गर्ने देखिन्छ ।

### ४.४.४ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यास

यस सिपको विकासका लागि यस किसिमका अभ्यासको प्रयोग पाइन्छ :

प्रश्न : पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख :

यस अभ्यास गर्दा विद्यार्थीले सुन्ने वितिकै मौखिक अभिव्यक्तिलाई लिपिमा परिणत गर्नु पर्ने भएकाले विद्यार्थीहरू बढी सचेत हुने देखिन्छन् । जसले गर्दा सुनाइ र लेखाइ दुई ओटै सिपको प्रयोग राम्रो हुने देखिन्छ ।

### ४.४.५ निष्कर्ष

'देवकुमारी थापा' को जीवनीमा राखिएका नमुना अभ्यासहरू जीवनी शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १५ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, ठिक उत्तर छान्ने, खाली ठाउँ भर्ने, बुँदा टिपी सारांश लेख्ने, श्रुति लेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन र कठिन शब्दको उच्चारण कार्यले विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा थप निखारता ल्याउने देखिन्छ ।

## ४.५ 'पाठ चार : ग्रन्थचित्र' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन-जगत्कै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रुपमा लिइन्छ (भण्डारी र अन्य; २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रुपमा सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.५.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत प्रबन्धमा सुनाइ र बोलाइ सिपको विकासका लागि निम्न अभ्यासहरूको प्रयोग गरिएको छ :

प्रश्न : उत्तर भन : ( नेपाली; २६)

क) मानव मनलाई लोभ्याउने कला कुन कुन हुन् ?

ख) ग्रन्थचित्र ललित कलाको कुन भेदअन्तर्गत पर्दछ ?

प्रश्न : सुद्धसँग उच्चारण गर : (नेपाली; २८)

सभ्यता, शालिग्राम, ग्रन्थचित्र, बज्रसत्त्व, पञ्चबुद्ध

निम्न अभ्यासहरू  बोलाइ सिपका लागि उपयुक्त देखिन्छन् । यस्ता अभ्यास गर्न सर्व प्रथम सुनाइ सम्बन्धी अभ्यास भने हुन जरुरी हुन्छ ।

### **४.५.२ सुनाइ  र लेखाइ सिपसँग सम्बन्धित अभ्यास**

यहाँ सुनाइ र बोलाइ सिपको विकासको लिगि यस किसिमका अभ्यास राखिएको छ :

प्रश्न : शिक्षकबाट सुनेर लेख : (नेपाली; २९)

फोटोग्राफी, रङ्गीन चित्र, आविष्कार, प्रज्ञा पारमिता

प्रस्तुत अभ्यास श्रुति लेखनका लागि उपयुक्त छ । यस्ता अभ्यास पाठबाट कुने अनुच्छेदलाई लिएर गराउन अन्य अभ्यास भए अझ उपयुक्त हुने देखिन्छ ।

### **४.५.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू**

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त गरिने अभ्यासहरू मध्ये पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास प्रमुख मानिन्छन् । यीनै सिपका अधारमा रहेर यस पाठमा निम्न अभ्यासहरू राखिएको छ :

प्रश्न (क): तलका भनाइ ठिक भए (√) चिह्न र बेठिक भए बेठिक (✕) चिह्न लगाऊ : (नेपाली; २७)

क) ग्रन्थचित्र निर्माण गर्दा ताडपत्र एवम् भोजपत्रलाई छायामा सुकाइन्थ्यो ।

ख) अहिले सामाजिक दुरवस्थाप्रति व्यङ्ग्य गरिएका चित्रहरू पाइँदैनन् ।

प्रश्न (ख): पाठबाट उपयुक्त शब्द खोजेर खाली ठाउँमा भर : (नेपाली; २७)

क) आधुनिक चित्रकलाको सुरुवात भने........मात्र भएको हो ।

ख) नेपाली चित्रकलामध्ये सबैभन्दा पुरानो दसौँ शताब्दीको......रहेको छ ।

प्रश्न (ग): शुद्ध गरी सार : (नेपाली; २९)

मुर्तीकला, सुक्ष्म, पउवाचीत्र, निर्मान, पाथ्यपुस्तक

प्रश्न (घ): तलका प्रश्नको सङ्क्षिप्त उत्तर देऊ :

क) चित्रको जन्म कसरी भयो ।

ख) कागजको आविष्कार हुनुभन्दा पहिले ग्रन्थचित्रहरू कसरी कोरिन्थे ?

प्रश्न (ङ): तलका प्रश्नको लामो उत्तर देऊ :

क) चित्रकलाको विकासमा ग्रन्थचित्रको के कस्तो भूमिका रहेको छ, स्पष्ट पार ।

प्रश्न (च): भाव स्पष्ट गर : (नेपाली; २८)

क) मानव सभ्यताको विकाससँगै धर्म, संस्कृति, सामाजिक मूल्य र मान्यताको विकास भएको छ ।

प्रश्न (छ): ग्रन्थ + चित्र = 'ग्रन्थचित्र' भएजस्तै तलका शब्दमा 'चित्र' जोडेर नयाँ शब्द बनाऊ : (नेपाली; २८)

मुहार, दृश्य, पौवा, रेखा

प्रश्न (ज): वाक्यमा प्रयोग गर : (ऐ)

मनोभाव, ताडपत्र, परम्परा, दुरवस्था

प्रश्न (झ): पाठ पढी तालिकामा पाँच पाँच ओटा शब्दहरू भर : (नेपाली; २९)

| इकार लागेका | ईकार लागेका | उकार लागेका | ऊकार लागेका |
|---|---|---|---|
| चित्र,............... | सजीव, ............ | उपहार,.............. | आफू, .............. |

पाठ्यपुस्तकमा प्रयुक्त निम्न प्रश्न 'क, ख, र ग' अभ्यासले पढाइ सिपलाई बढी जोड दिने प्रवृत्तिका छन् । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्मरुपले अध्ययन गर्ने बानीको विकास हुनुका साथै लेखाइ सिपलाई पनि केही सहयोग गर्ने देखिन्छ भने प्रश्न 'घ, ङ र च' अभ्यासहरू लेखाइ सिपसँग सम्बन्धित भएपनि पढाइको तयारी विना यी अभ्यासगर्न सम्भव हुँदैन । त्यसैले यस किसिमका अभ्यासले पढाइ र लेखाइ दुवै सिपको विकास गर्ने कार्य गर्दछन् साथै प्रश्न 'छ, ज र झ' जस्ता शब्दभण्डारगत अभ्यास प्रबन्धका लागि उपयुक्त देखिन्छ । नयाँ शब्द बनाउने, वाक्यमा प्रयोग गर्ने अभ्यासले विद्यार्थीमा पढाइ र लेखाइ दुवै भाषिक सिपको विकास गर्ने देखिन्छ ।

### ४.५.४ निष्कर्ष

'ग्रन्थचित्र' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू निबन्ध/ प्रबन्ध शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ। व्याकरण अभ्यासदेखि वाहेक १५ ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइ/पढइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ। पाठ पढ्ने, उत्तर भन्ने, लामो छोटो उत्तर लेख्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, श्रुति लेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ। नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन, नयाँ शब्द निर्माण, शब्द र अर्थको जोडा मिलाउने र कठिन शब्दको उच्चारण कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरुप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखारता ल्याउने देखिन्छ।

## ४.६ 'पाठ पाँच : निवेदन' मा प्रयुक्त नमुना अभ्यास

निवेदनलाई चिठी विधा अन्तर्गतकै एक उपविधाको रुपमा लिन सकिन्छ। कुनै पनि कुराको स्वीकृति लिन परेमा, कार्यसम्पन्न गर्न सहयोग लिनु परेमा सम्बन्धित कार्यलय प्रमुख समक्ष निवेदन पेश गरिन्छ। निवेदन लेखनमा मिति, सम्बोधन र पद, कार्यालयको नाम र ठेगाना, विषय, निवेदनको बेहोरा, निवेदकको नाम, ठेगाना स्पष्ट उल्लेख गरिएको हुनुपर्दछ। निवेदन शिक्षण लेखाइ सिपसँग सम्बन्धित भएपनि यसले विद्यार्थीहरूमा विचार सम्प्रेषण, नेतृत्व क्षमता, लेखनशैलीको विकास गर्न मद्दत पुग्ने देखिन्छ।

### ४.६.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

निवेदन विशेषगरी सिर्जनात्मक लेखनसँग सम्बन्धित विषय भएकाले यसमा सुनाइ र बोलाइका अभ्यासहरू प्रशस्त राखिएका हुदैनन्। यस निवेदनमा प्रयुक्त सुनाइ र बोलाइका अभ्यासहरू निम्नानुसार रहेका छन् :

प्रश्न : उत्तर भन : (नेपाली; ३३)

क) यो निवेदन कहिले लेखिएको हो ?

ख) सूचना कुन पत्रिकामा प्रकाशन भएको थियो ?

### ४.६.२ पढाइ र लेखाइसँग सम्बन्धित अभ्यासहरू

निवेदन लेखन कार्यकलाप भएकाले यहाँ पढाइ र लेखाइका अभ्यासहरू भने प्रशस्त अभ्यासहरू राखिएका हुन्छन् । यस पाठमा प्रयुक्त अभ्यासहरू निम्न छन् :

प्रश्न : पाठमा दिएको निवेदन सस्वर वाचन गर : (नेपाली; ३३)

यो अभ्यास भने विद्यार्थीहरूमा सस्वर वाचन गर्न अथवा आवाज निकालेर पढ्ने वानीको विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

प्रश्न : तल दिइएका विषयमा निवेदन लेख : (नेपाली; ३४)

क) विद्यालयको पुस्तकालयमा नियमित रुपमा पत्र पत्रिका उपलब्ध गराइदिन अनुरोध गरी विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।

प्रश्न : तल दिएको निवेदनको ढाँचा अनुसार छुट्टै एउटा निवेदन तयार पार :

मिति :.....

सम्बोधन :.........

कार्यालयको नाम र ठेगाना :........

विषय :.........

निवेदनको बेहोरा :.......

निवेदकको नाम :........

ठेगाना :........

यस किसिमका निवेदन लेखनका अभ्यासले विद्यार्थीमा औपचारिक लेखनको अभ्यास बढ्छ । निवेदन लेखन शिष्ट शैलीमा लेखिने भएकाले विद्यार्थीमा औपचारिक तथा शिष्ट भाषाको प्रयोग गरी लेख्न मद्दत पुऱ्याउँछ ।

त्यसै गरी मिल्ने अर्थसँग जोडा मिलाउने, प्रत्यय जोडी नयाँ शब्द बनाउने, विपरीतार्थक शब्द लेख्ने, वाक्यमा प्रयोग गर्ने तथा पाठ सार्ने अभ्यासले विद्यार्थीमा पढाइ तथा लेखाइ सिपको विकास गर्ने देखिन्छ ।

### ४.६.३ निष्कर्ष

यस निवेदनमा राखिएका अभ्यासहरू विद्यार्थीलाई निवेदन लेखनकै लागि विशेष जोड दिने खालका राखिएकाले धेरै अभ्यासहरू लेखन सिपसँग सम्बन्धित रहेको छ । यसका साथै भाषाका चार ओटै सिपलाई निवेदन विधामा पनि समावेश गर्नका लागि शब्दार्थ पठन लेखन, पाठको सस्वर वाचन, कठिन शब्दको श्रुति उच्चारण जस्ता अभ्यास राखेर अझ उत्कृष्ट पर्ने प्रयास गरिएको छ । कार्यमूलक व्याकरण देखि बाहेकका जम्मा १० ओटा अभ्यासले नै  विद्यार्थीलाई प्रसस्त अभ्यास हुने देखिन्छ । सिर्जनात्मक अभ्यासमा रहेको शुभकामना पत्र लेखन अभ्यासले पनि विद्यार्थीलाई सिर्जनशील बनाउने प्रयास गरेको छ ।

## ४.७ 'पाठ छ : मित्रता' कथामा प्रयुक्त नमुना अभ्यासहरू

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल; २०६८: २७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ । यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ ।

### ४.७.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस कथामा समावेश गरिएका अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न : उत्तर भन : (नेपाली; ४२)

क) राजकुमार द्रुपदले मित्र द्रोणसँग के प्रतिज्ञा गरे ?

ख) द्रोणको विवाह कोसँग भयो ?

प्रश्न : तल दिएका शब्दहरू शुद्धसँग उच्चारण गर : (नेपाली; ४४)

द्रुपद, फुर्सत, अश्वत्थामा, द्रोण, सर्वस्व दान, शस्त्रास्त्र, शिष्टता, शिष्य

मौखिक उत्तर दिने तथा शब्दहरूको उच्चारण अभ्यासले विद्यार्थीमा राम्रोसँग पढ्ने र अर्काले पढेको सुन्ने बानीको विकास गर्ने भएकाले यी अभ्यासहरू उपयुक्त देखिन्छन् ।

### ४.७.२ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा प्रयुक्त पढाइ तथा लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क): कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ । (नेपाली; ४२)

प्रश्न (ख): यदि तिमी 'मित्रता' कथाको राजा द्रुपद भएको भए द्रोणले पुरानो प्रतिज्ञा सम्झउँदा के गर्थ्यौ, उत्तर देऊ । (नेपाली ; ४३)

प्रश्न (ग): कसले कसलाई किन भनेको हो, लेख : (नेपाली; ४२)

क) आधा राज्य म तिमीलाई नै दिन्छु । यो मेरो प्रतिज्ञा हो ।

ख) यी, मैले पनि दुध पाएँ ।

प्रश्न (घ): तलका प्रश्नका उत्तर लेख : (नेपाली; ४३)

क) द्रोण र कृपीलाई किन सारै दुःख लाग्यो ?

ख) 'मित्रता' कथाबाट के शिक्षा पाइन्छ ?

प्रश्न (ङ): मित्र + ता = 'मित्रता' भए जस्तै तलका शब्दमा 'ता' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ : (नेपाली; ४४)

शत्रु, कवि, दरिद्र, शिष्ट, समान

प्रश्न (च): शुद्ध गरी सार : (ऐ)

एक पटक हामी कोशिस गर्छौं हामी पाच भाई जान्छौ अर्जुनले विनम्रताका साथ अभिवादन गर्दै भने

प्रश्न (छ): उदाहरण हेरी अन्य सामग्रीको अध्ययन गरी **ऋ** र **रि** लागेका पाँच पाँच ओटा शब्दहरू टिप :(ऐ)

प्रस्तुत प्रश्न 'क' अभ्यास पूर्णरुपमा पढाइ सिपसँग सम्बन्धित रहेको छ । यस अभ्यासबाट विद्यार्थीमा पढाइ सिपका साथै सुनाइ सिपको पनि विकास हुने अवसर रहन्छ साथै प्रश्न 'ख' किसिमका सिर्जनात्मक लेखनका अभ्यासले विद्यार्थीहरूमा व्यक्तिगत विचार प्रस्तुत गर्न समेत सक्षम हुन्छन् । यस किसिमका अभ्यासले यस तहका विद्यार्थीको पढाइ र लेखाइ दुबै सिपलाई विकास गर्ने देखिन्छ भने प्रश्न 'ग, घ, ङ, च र छ' ले पढाइलाई विशेष महत्त्व दिएर राखिएका अभ्यासले विद्यार्थीहरूलाई पाठको सूक्ष्म अध्ययनमा बढी जोड दिएपनि यी अभ्यासले लेखन सिपमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

### ४.७.३ **निष्कर्ष**

'मित्रता' पौराणिक विषयवस्तुका माध्यमबाट विद्यार्थीहरूलाई मित्रताको ज्ञान गराउन राखिएको कथा हो । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १७ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । कथा पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचारदिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ , नयाँ शब्द बनाऊ, अनुकरणत्मक शब्दसँग जोडा मिलाऊ, पर्यायवाची शब्द छानेर जोडा मिलाऊ,

वाक्यमा प्रयोग गर, वर्णको परिवर्तनले अर्थमा ल्याउने परिवर्तन बुझी वाक्यमा प्रयोग जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ। नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई उच्चारणको प्रशस्त अभ्यास गराएकाले पढाइ सिपमा भने थप निखारता ल्याउने देखिन्छ।

## ४.८ पाठ सात : 'सिप र श्रम' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता लयात्मक विधा हो। कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ। लयात्मक एकालापको कथनपद्धतिको प्रयोग गरी जीवन-जगत्को वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रुपमा चिनिन्छ (भण्डारी र पौडेल; २०६६: १)। त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय, र भाव अनुरुप पठन गर्न सक्ने, अनुभूति गर्न सक्ने, भाव एवम् महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सिपको विकास गरी कविताप्रति अभिरुचि जाग्नु पर्छ। कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो। कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणत्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९)। यस्ता अभ्यासहरूलाई भाषिक सिपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो।

### ४.८.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा प्रयुक्त सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न : उत्तर भन : (नेपाली; ४८)

क) सिप कहाँ रोप्नुपर्छ ?

ख) मेची महाकाली कहाँ बगाइराख्नुपर्छ ?

प्रश्न : शुद्धसँग उच्चारण गर : (नेपाली; ४९)

मर्स्याङ्दी, सिर्जना, अँगालेर, सँगालेर

सुनाइका लागि छुट्टै अभ्यास नभए पनि यस पाठमा बोलाइका लागि भने उपयुक्त अभ्यासहरू रहेका छन् । मौखिक उत्तर भन्ने तथा कठिन शब्दको उच्चारण अभ्यासले बोलाइ सिप विकासमा प्रशस्त सहयोग पुऱ्याउँछ ।

### ४.८.२ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा प्रयुक्त पढाइ तथा लेखाइसँग सम्बन्धित अभ्यासहरू :

प्रश्न (क): पाठमा दिइएको कविता लय हालेर पढ । (नेपाली; ४८)

प्रश्न (ख): कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ । (नेपाली; ५०)

प्रश्न (ग): व्याख्या गर : (नेपाली; ५९)

सारङ्गीका  स्वरहरू सङ्गीत फेर्ने गर

आफू हेर्ने आँखाहरू देश हेर्ने गर ।

प्रश्न (घ): तलका प्रश्नको उत्तर लेख : (ऐ)

क) कवितामा टारीभरि बारीभरि सिप रोप्न किन भनिएको हो ?

ख) कविताको दोस्रो श्लोकमा मर्नुभन्दा अघि के गर्नुपर्छ भनिएको छ ?

प्रश्न (ङ): मिल्ने अर्थ छानेर जोडा मिलाऊ : (ऐ)

आँखा, माया, आसिक, किरण, नयन, प्रकाश, प्रेम, आशीर्वाद

प्रश्न (च): उल्टो अर्थ छानेर जोडा मिलाऊ : (ऐ)

वारि, सपना, उठ, माया, घाम, सुत, छाया, पारि, घृणा, विपना

प्रश्न (छ): अर्थ खुल्ने गरि वाक्यमा प्रयोग गर : (ऐ)

सिप, पाखुरा, मुटु, सारङ्गी, सपना

प्रस्तुत प्रश्न ‘क र ख’ अभ्यासहरू पढाइ र लेखाइसँग प्रत्यक्ष सम्बन्ध राखेको देखिन्छ । जसले पढाइ र लेखाइ दुबै सिपको विकास गर्न आआफ्नो ठाउँबाट सहयोग गरेको देखिन्छ भने प्रश्न ‘ग, घ, ङ, च र छ’ का अभ्यासले पाठमा प्रयुक्त पढाइ लेखाइका अभ्यासहरू एक अर्कामा अन्तर सम्बन्धित देखिन्छन् । उपयुक्त पढाइ नगरीकन लेखाइ अभ्यास गर्न गाह्रो हुने भएकाले यी दुबै सिपको विकास गर्न एकमुष्ठ अभ्यासहरूको प्रयोग गरिएको छ ।

### ४.८.३ निष्कर्ष

‘सिप र श्रम’ कवितामा प्रयुक्त अभ्यास, शब्द भण्डार र उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सिपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । बोलाइ सिपका लागि उत्तर भन तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त छन् । पढाइ सिपका लागि पाठको  लय हालेर पढ्ने अभ्यास उपयुक्त छ साथै खालिठाउँ भर्ने, मिल्ने र उल्टो अर्थमा जोडा मिलाउने, सच्याएर लेख्न जस्ता अभ्यासले पनि लेखाइ भन्दा पढाइ सिपलाई विकास गर्ने देखिन्छ । जम्मा ११ वटा अभ्यास भएको यो पाठमा ७ वटा पढाइ र लेखाइ सिपमा आधारित भएपनि लेखाइ सिपले अगाडिका तिनओटै सिपलाई सङ्सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सिप विकास गर्ने देखिन्छ तरपनि अभ्यासपरक दृष्टिले सुनाइका अभ्यासलाई भने समावेश गर्न सकेको देखिदैन ।

## ४.९ ‘पाठ आठ : भूगोलविद् हर्क गुरुङ’ को जीवनीमा प्रयुक्त अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, स-प्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सिप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा

पाठ्यक्रम; २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

### ४.९.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा प्रयुक्त सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न : पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (नेपाली; ५७)

यस अभ्यासले विद्यार्थीको सुनाइ र लेखाइ सिपमा दक्षता हाँसिल गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

### ४.९.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा प्रयुक्त बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न (क): उत्तर भन : (नेपाली;५५)

क) नेपाल कुन कुन कुराले समृद्ध छ ?

ख) हर्क गुरुङको जन्म कहिले भएको थियो ?

प्रश्न (ख): तलका शब्दहरू शुद्धसँग उच्चारण गर र कापीमा सार : (ऐ)

समृद्ध, सांस्कृतिक, उत्तीर्ण, अभिलाषा, जाज्वल्यमान, अर्थशास्त्र, स्पष्टवादी, व्यवस्था

प्रश्न 'क' ले विद्यार्थीको बोलाए सिपिको विकास गर्छ भने प्रश्न 'ख' ले विद्यार्थीलाई बोल्न र लेख्न दुबै कार्यैमा संलग्न गराउने भएकाले बोलाइ र लेखाइ दुवै सिपको विकास गर्ने देखिन्छ ।

### ४.९.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा भएका पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन :

प्रश्न : कक्षामा पाठ पालैपालो पढ । (नेपाली; ५५)

प्रश्न : ठिक बेठिक  छुट्याएर लेख : (ऐ)

क) हर्क गुरुङको जन्म लमजुङ जिल्लामा भएको थियो ।

ख) हर्क गुरुङले धेरै किताबहरू लेखेका छन् ।

प्रश्न : पाठको सातौँ अनुच्छेद राम्ररी पढेर चार ओटा मुख्य बुँदा टिप र एक तृतीयांशमा सारांश लेख ।

प्रश्न : तलका प्रश्नको उत्तर लेख : (नेपाली; ५६)

क) हर्क गुरुङको बाल्यकाल कसरी बित्यो ?

ख) हर्क गुरुङलाई के गर्ने अभिलाषा आयो ?

प्रश्न : भाव स्पष्ट गर : (ऐ)

नेपाल प्राकृतिक विविधताले भरिपूर्ण विश्वको सुन्दर मुलुक हो ।

प्रश्न : तलका शब्दको अर्थ लेख : (नेपाली; ५७)

निकुञ्ज, अनुकरणीय, सजीव, जाज्वल्यमान, उपत्यका

प्रश्न : राष्ट्र + व्यापी = राष्ट्रव्यापी भए जस्तै तलका शब्दमा ‘व्यापी’ जोडेर नयाँ शब्द बनाऊ : (ऐ)

जिल्ला, क्षेत्र, देश, उपत्यका, सप्ताह

प्रश्न : पाठमा ऋण, उत्तीर्ण, नेपाल, निर्भीकता जस्ता ‘ण’ र ‘न’ वर्णको प्रयोग भएका धेरै शब्दहरू छन् । ‘ण’ र ‘न’को प्रयोग भएका दस दस ओटा शब्दहरू पाठबाट खोजेर लेख।

माथिका सम्पूर्ण अभ्यासहरू पढाइ र लेखाइ सिपको विकासमा सक्षम रहेका छन् ।

### ४.९.४ निष्कर्ष

‘भूगोलविद् हर्क गुरुङ’ को जीवनीमा राखिएका नमुना अभ्यासहरू जीवनी शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १५ ओटा अभ्यास समावेश गरिएको

यस पाठमा लेखाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, नयाँ शब्द निमार्ण, बुँदा टिपी सारांश लेख्ने, श्रुति लेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइको प्रत्यक्ष लेखइ सिपसँग सम्बन्धित बनाएर भाषिक सिपलाई समानुपातिक ढङ्गले विकास गने किसिमका अभ्यासहरू समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन र कठिन शब्दको उच्चारण, बुँदा टिपोट र सारांश लेखन जस्ता कार्यले विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा थप निखारता ल्याउने देखिन्छ ।

## ४.१० 'पाठ नौ : प्रकृति र वातावरण' प्रबन्धमा प्रयुक्त अभ्यासहरू

गद्य भाषामा लेखिएको जीवन-जगत्कै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रुपमा लिइन्छ (भण्डारी र अन्य; २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रुपमा सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.१०.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

युस पाठमा सुनाइ  र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन :

प्रश्न : उत्तर भन : (नेपाली; ६४)

क) के गरेमा वातावरणको संरक्षण हुन्छ ?

ख) मानवीय कियाकलाप केमा केद्रित हुनुपर्छ ?

प्रश्न : तलका शब्दहरूको अर्थ भन : (नेपाली; ६५)

भूक्षय, संरक्षण, विवेक, अतिवृष्टि

प्रस्तुत अभ्यासहरू सुनाइससँग सम्बन्धित अभ्यासहरूलाई छुट्टै नराखिए पनि बोलाइ सिपका लागि दिइएका अभ्यासहरू पुरागर्न सुनाइ र बोलाइ दुबै सिपको प्रयोग गर्नु पर्ने भएकाले उपयुक्त देखिन्छ ।

## ४.१०.२ सुनाइ र लेखाइ सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न : पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (नेपाली; ६६)

यस्तो श्रुति लेखनको अभ्यासले विद्यार्थीलाई सुनाइ र लेखाइ दुबै सिपको विकास गर्न उपयुक्त देखिन्छ ।

## ४.१०.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रश्न (क): उपयुक्त शब्द राखेर खाली ठाउँ भर । (नेपाली; ६४)

क) प्राणी र वनस्पतिको जीवन........मा निर्भर रहन्छ ।

ख) सहअस्तित्व .....भावले विश्वको मुहार हँसाउन सक्छ ।

प्रश्न (ख): पाठको अन्तिम अनुच्छेदमा 'स्वच्छ, अस्वस्थ' जस्ता आधा अक्षर भएका शब्दहरू प्रयोग भएका छन् । तिमीले यस्तै आधा अक्षर प्रयोग भएका अरु पँच ओटा शब्दहरू खोजेर लेख । (ऐ)

प्रश्न (ग): तलका शब्दको अर्थ भन : (नेपाली; ६५)

भूक्षय, संरक्षण, विवेक, अतिवृष्टि

प्रश्न (घ): वि+कृति ='विकृति' भए जस्तै तल दिइएका शब्दमा 'वि' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ : (ऐ)

ज्ञान, योग, चार, मति, कृति

प्रश्न (ङ): विवेक+शील ='विवेकशील' भए जस्तै तलका शब्दमा 'शील' जोडेर नयाँ शब्द बनाऊ : (ऐ)

कर्म, उद्यम, विचार, गति, कल्पना

प्रयुक्त प्रश्न 'क र ख' का अभ्यासहरू विद्यार्थीमा पढाइ सिपको विकास गराउन उपयुक्त छन् । यस्ता अभ्यासहरू गर्दा विद्यार्थीले दिएको पाठा ध्यान पूर्वक पढ्नु पर्ने भएकाले यी अभ्यासहरू उपयुक्त छन् भने प्रश्न 'ग, घ र ङ' ले प्रबन्धबाट शब्दभण्डारको ज्ञान बढी भन्दा बढी गराउने उद्देश्यले राखिए अनुरुप पढाइ तथा लेखाइ सिपलाई विकास गर्न भरपुर सहयोग गर्ने देखिन्छ ।

### ४.१०.४ निष्कर्ष

'प्रकृति र वातावरण' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू निबन्ध/ प्रबन्ध शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १९ ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइ/पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, लामो छोटो उत्तर लेख्ने, भाव विस्तार गर्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, श्रुति लेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन, नयाँ शब्द निर्माणमा उपसर्ग र प्रत्ययको प्रयोग, शब्द र अर्थको जोडा मिलाउने र कठिन शब्दको उच्चारण, बुँदा टिपोट तथा सारंश लेखन कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरुप विद्यार्थीको शब्दभण्डार गत ज्ञानमा थप निखारता ल्याउने देखिन्छ ।

### ४.११ 'पाठ दस : एउटा घटना' कथामा प्रयुक्त अभ्यास

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ

मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल;२०६८:२७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ । यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ ।

### ४.११.१ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सिपलाई विकास गर्नका लागि निम्नाबमोजिम अभ्यासहरू समावेश गरिएका छन् :

प्रश्न : उत्तर भन : (नेपाली; ७१)

क) सुरेशको चाख कतातिर थियो ?

ख) सुरेशलाई कुन कुन कुरा गर्न उराठ लाग्छ ?

प्रश्न : तिम्रो विद्यालयमा तिमीले कुनै दिन गल्ती गरेको थाहा पाएपछि तिम्रा शिक्षकले तिमीलाई के गर्नुभएको थियो ? घटना विवरणसहित खुलस्त पार ।

प्रस्तुत अभ्यासहरू सुनाइ भन्दापनि बोलाइ सिपसँग सम्बन्धित छन् । यस पाठमा सुनाइ सिपकलागि छुट्टै अभ्यासको व्यवस्था गरिएको छैन ।

### ४.११.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा बोलाइ लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न : तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार : (नेपाली; ७३)

प्रदर्शन, विजय, गम्भीर, दामासाही, अनुशासित

यस्ता कठिन शब्द छनोट गरी उच्चारण गर्ने र लेख्ने अभ्यासले विद्यार्थीमा बोलाइ तथा लेखाइ सिपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

### ४.११.३ पाढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पाढाइ र लेखाइ सिपको विकास गराउन निम्नबमोजिम अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): ठिक उत्तरमा ठिक चिह्न लगाऊ : (नेपाली; ७२)

क) सुरेश कस्तो खेलाडी हो ?

अ) अराजक आ) अनुशासित इ) उत्तेजक

ख) फुटेको गमलाको मूल्य कति पर्दो रहेछ ?

अ) दुई सय आ) तिन सय इ) पाँच सय

प्रश्न (ख): तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख : (ऐ)

क) हिजोको खेलमा विजयले खेलेको खेल सारै राम्रो थियो ।

ख) हाम्रो फुटवल टिमको त ऊ गर्व हो, गर्व ।

प्रश्न (ग): यस कथामा प्रयोग भएका पात्रहरूमध्ये तिमीलाई सबैभन्दा मन पर्ने पात्र को हो र किन ? (ऐ)

प्रश्न (घ): 'ब' र 'व' लागेका पाँच पाँच ओटा शब्दहरू पाठबाट खोजेर लेख । (नेपाली; ७३)

प्रश्न (ङ): तलका प्रश्नको उत्तर लेख : (नेपाली; ७२)

क) सुरेशलाई खेलमा जस्तै पढाइमा रुचि नलाग्नुको कारण के हो ?

ख) विजयलाई किन फुटबल टिमको गर्व भनिएको हो ?

प्रश्न (च): 'एउटा घटना' कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको कस्तो मनोविज्ञानको विश्लेषण गर्न खोजिएको छ, वर्णन गर । (नेपाली; ७३)

प्रश्न (छ): प्र+दर्शन='प्रदर्शन' भए जस्तै तल दिइएका शब्दमा 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ : (ऐ)

प्रश्न (ज): तलका शब्दलाई शुद्ध पार : (नेपाली; ७४)

भोलीपल्ट, बेली विस्तार, केन्द्रीत, कृतग्यता

माथि प्रश्न 'क, ख, ग, घ' मा भएका यस किसिमका अभ्यासले विद्यार्थीहरूमा पढाइ सिपको विकास गर्ने अपेक्षा राखिएको छ । सो अनुरुप अभ्यास उपयुक्त रहेको छ भने प्रश्न 'ङ, च, छ र ज' मा प्रयुक्त अभ्यासहरूले विद्यार्थीमा पढाइ तथा लेखाइ सिपको विकास गर्ने भएकाले उल्लेखित सबै अभ्यासहरू उपयुक्त छन् ।

### ४.११.४ निष्कर्ष

'एउटा घटना' बाल मनोबैज्ञानिक कथा हो । यस कथाले विद्यार्थीमा सहयोगी भावनाको विकास गराउन खोजेको छ । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १७ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचारदिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ, नयाँ शब्द बनाऊ, उपसर्ग र प्रत्ययको प्रयोग, वाक्यमा प्रयोग गर, वर्णको परिवर्तनले अर्थमा ल्याउने परिवर्तन बुझी वाक्यमा प्रयोग जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । ह्रश्व र दीर्घको जानकारीका लागि पनि नमुना अभ्यासको प्रयोग गरिनु तथा नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई उच्चारणको प्रशस्त अभ्यास गराएकाले पढाइ सिपमा भने थप निखारता ल्याउने देखिन्छ ।

## ४.१२ 'पाठ एघार : दाजुलाई चिठी' चिठीमा प्रयुक्त नमुना अभ्यास

चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने माध्यम हो । यो एक अर्काको अनुभव आदनप्रदान गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो । टाढा बसेर मान्छेलाई आफ्नो मनको भाव लेखिएको पत्रलाई चिठी भनिन्छ (चापागाई;२०६४:३५१) । लिखित माध्यमबाट विचार तथा कुराकानीको विनिमय गर्ने महत्त्वपूर्ण माध्यमलाई चिठीको रुपमा लिन सकिन्छ । विद्यार्थीमा चिठीद्वारा वैयक्तिक स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट अभिव्यक्ति, आदर, अभिवादन गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ । चिठी शिक्षणमा घरायसी, व्यापारिक र कार्यालयीय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको क्रियाकलापद्वारा शिक्षण गरिन्छ । यसका साथै चिठी शिक्षणमा नमुनाको उपयोग गरी तिनको ढाँचा र अङ्गको सोदाहरण परिचय समेत दिई सोही अनुरुप अभ्यास गराउनु पर्दछ ।

### ४.१२.१ सुनाइ र लेखाइ सिपसँग सम्वन्धित अभ्यासहरू

यस पाठमा प्रयुक्त सुनाइ लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न : पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन र लेख । (नेपाली; ७८)

यस श्रुति लेखन अभ्यासले विद्यार्थीमा सुनाइ र लेखाइ सिपको सँगसँगै विकास गर्ने देखिन्छ ।

### ४.१२.२ बोलाइ र पढाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा बोलाइ र पढाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क): पाठको चिठी पालैपालो पढ । (नेपाली; ७६)

प्रश्न (ख): उत्तर भन : (ऐ)

क) यो चिठी कसले कसलाई लेखेको हो ?

ख) कुन कुराले सबैलाई स्तब्ध तुल्यायो ?

प्रश्न (ग): तलका शब्दहरू शुद्धसँग उच्चारण गर : (नेपाली; ७८)

कुशलता, सुन्दर, तरकारी, प्रधानाध्यापक, श्रम

माथि प्रश्न 'क' मा रहेको अभ्यासले विद्यार्थीमा पढाइ सिपको विकास गर्ने उद्देश्यले राखिएको छ भने प्रश्न 'ख र ग' मा प्रयुक्त अभ्यासले विद्यार्थीमा पाठको ज्ञानका सथै पढाइ सिपको विकास गर्ने देखिन्छ ।

### ४.१२.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क): चिठीमा किन 'आफूलाई जन्म दिने आमा र जन्मभूमि सबैभन्दा ठुला हुन्छन्' भनिएको होला, आफ्नो विचार प्रस्तुत गर । (नेपाली; ७७)

प्रश्न (ख): आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख । (ऐ)

प्रश्न (ग): ठिक उत्तर छानेर लेख : (ऐ)

क) आमाबुबाको भरोसा कसमाथि छ ?

अ. शोभाकर आ. प्रभाकर इ. दिवाकर

ख) प्रभाकर अमेरिकाको कुन ठाउँमा बस्दै छन् ?

अ. वासिङ्टन आ. जर्ज टाउन इ. न्युयोर्क

प्रश्न (घ): तलका शब्दको अर्थ लेख : (ऐ)

प्रतीक्षा, भविष्य, शीघ्रातिशीघ्र, प्रतिभा, कर्तव्य

मागिका प्रश्न 'क र ख' अभ्यासहरू लेखाइ सिपसँग सम्बन्धित छन् । यस किसिमका अभ्यासहरू लेखाइ सिपसँग सम्बन्धित भएपनि पढाइको अभावमा भने समस्यामूलक बन्न पुग्छन् । त्यसैले पढाइ र लेखाइ सिप विकासका लागि प्रस्तुत अभ्यासहरू उपयुक्त छन् भने प्रश्न 'ग र घ'

लेखाइ सिपसँग सम्बन्धित भएपनि यस किसिमका अभ्यासलाई सुक्ष्म पढाइ चाहिने भएकाले यी अभ्यासहरू लेखाइ र पढाइ सिप विकास गर्न उपयुक्त देखिन्छन् ।

### ४.१२.४ निष्कर्ष

यस चिठीमा राखिएका अभ्यासहरू विद्यार्थीलाई चिठी लेखनकै लागि विशेष जोड दिने खालका राखिएकाले धेरै अभ्यासहरू लेखन सिपसँग सम्बन्धित रहेका छन् । यसका साथै भाषाका चार ओटै सिपलाई निवेदन विधामा पनि समावेश गर्नका लागि शब्ददार्थ पठन लेखन, सही उत्तर छन, पाठको सस्वर वाचन, कठिन शब्दको श्रुति उच्चारण, श्रुति लेखन जस्ता अभ्यास राखी अझ उत्कृष्ट पर्ने प्रयास गरिएको छ । कार्यमूलक व्याकरण देखि बाहेकका जम्मा ११ ओटा अभ्यासले नै  विद्यार्थीलाई प्रशस्त अभ्यास हुने देखिन्छ । सिर्जनात्मक अभ्यासमा रहेको निमन्त्रण पत्र लेखन अभ्यासले पनि विद्यार्थीलाई सिर्जनशील बनाउने प्रयास गरेको छ ।

### ४.१३ 'पाठ बार : मेरो घर' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता लयात्मक विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथनपद्धतिको प्रयोग गरी जीवन-जगत्को वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रुपमा चिनिन्छ (भण्डारी र पौडेल;२०६६:१) । त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय, र भाव अनुरुप पठन गर्न सक्ने, अनुभूति गर्न सक्ने, भाव एवम् महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सिपको विकास गरी कविताप्रति अभिरुचि जग्नु पर्छ । कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो । कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणत्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सिपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो ।

### ४.१३.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यास समाबेस गरिएको छ :

प्रश्न : कविताको तेस्रो श्लोक शिक्षकबाट सुनेर सार : (नेपाली; ८३)

प्रस्तुत श्रुति लेखनको अभ्यासले विद्यार्थीहरूलाई सुनाइ र लेखाइको एकै साथ अभ्यास गराउने भएकाले यो अभ्यास उपयुक्त छ ।

### ४.१३.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यास समाबेस गरिएको छ :

प्रश्न : उत्तर भन : (नेपाली; ८१)

क) किसनको घर कस्तो छ ?

ख) किसानले जहान कसरी पाल्छन् ?

प्रश्न : शुद्धसँग उच्चारण गर र कापीमा सार : (नेपाली; ८२)

ढुङ्गा, शीतल, मस्जिद, पोल्टो, ल्होसार

प्रस्तुत अभ्यासहरूले बालबालिकामा बोलाइ सिपको विकास गर्ने देखिन्छ । विद्यार्थीले पढेको पाठका आधारमा मौखिक उत्तर दिदा तथा शब्दहरूको उच्चारणले बोलाइ सिपको विकास गर्ने देखिन्छ ।

### ४.१३.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ तथा लेखाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): 'मेरो घर'कविता कक्षामा शिक्षकले पढेको सुन र सामूहिक रुपमा लय हालेर पढ । ( नेपाली; ८१)

प्रश्न (ख): माथिको पाठ हेरी कविता पुरा गर : (ऐ)

सबैको माया..........................हिमाल

रसाई बग्छन्.........................नेपाल

प्रश्न (ग): तलका शब्दको अर्थ लेख : (ऐ)

माघी, छठ, मारुनी, खर, धर्ती

प्रश्न (घ): पाठबाट चन्द्रबिन्दु लागेका पाँच ओटा शब्द खोजेर लेख । (नेपाली; ८३)

प्रस्तुत प्रश्न 'क' अभ्यासमा सुनाइका आधारमा पढ्नु पर्ने भएकाले पढाइ सिप विकासका लागि उपयुक्त देखिन्छ भने प्रश्न 'ख, ग र घ' अभ्यासहरूको समाधान गर्नका लागि विद्यार्थीले पाठलाई सूक्ष्म रुपले अध्ययन गर्नु पर्ने हुन्छ । पढाइलाई बढी जोड दिएर प्रस्तुत गरेका प्रस्तुत अभ्यासले पढाइ मात्र नभएर लेखाइ सिपको पनि विकासमा प्रशस्त सघाउ पुऱ्याउने देखिन्छ ।

### ४.१३.४ **निष्कर्ष**

'मेरो घर' कवितामा प्रयुक्त अभ्यास, शब्द भण्डार र उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सिपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ लेखाइ, बोलाइ लेखाइ तथा पढाइ लेखाइ गरेर लेखाइसँग अरु तिन सिपलाई सम्बन्धित बनाएर प्रस्तुत गरिएका अभ्यासहरू उपयुक्त देखिएका छन् । बोलाइ सिपका लागि उत्तर भन तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त छन् । पढाइ सिपका लागि पाठको  लय हालेर पढ्ने अभ्यास उपयुक्त छ साथै खालिठाउँ भर्ने, मिल्ने र मिल्दो अर्थ छानेर जोडा मिलाउने जस्ता अभ्यासले पनि लेखाइ भन्दा पढाइ सिपलाई विकास गर्ने देखिन्छ । जम्मा १३ वटा अभ्यास भएको यो पाठमा ७ वटा पढाइ र लेखाइ सिपमा आधारित भएपनि लेखाइ सिपले अगाडिका तिनओटै सिपलाई सङ्गसँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सिप विकास गर्ने देखिन्छ ।

## ४.१४ पाठ तेर : 'विज्ञान अभिशाप नभई बरदान' वाद विवादमा प्रयुक्त नमुना अभ्यास

वादविवाद शिक्षणको मुख्य प्रयोजन भनेको कथ्य वा मौखिक अभिव्यक्ति हो । यसलाई दृष्यश्रव्यात्मक विधामा राखिएकाले सुनाइ सिपको विकासमा पनि यसलाई उपयोगमा ल्याउन सकिन्छ । यसले भाषिक अभिव्यक्ति मात्र होइन हाउभाउ, आङ्गिक सङ्केत, अनुकरणजस्ता भाषिकेतर पक्षको विकासमा समेत सहयोग पुऱ्याउँछ । वादविवादमा निश्चित विषयमा पक्ष वा विपक्षका तर्फबाट खण्डन

र मण्डनको अवसर प्राप्त गर्ने हुनाले मौखिक अभिव्यक्तिलाई तर्कपूर्ण बनाउने सिप आर्जनमा यसको ठुलो महत्त्व  हुन्छ (पौडेल;२०६६:१८९) । वादविवाद शिक्षणको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ पहिचान, संवाद वा वाद विवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनु लेखन आदि क्रियाकलाप गराउनुपर्छ । यसको मौखिक अभ्यास गराउँदा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह, अवरोह, आघात, गति यति आदिको ख्याल गर्नु पर्छ ।

### ४.१४.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न : गोपाल बुढामगरले बोलेका कुराहरू शिक्षकबाट सुनेर तलका प्रश्न हरूको उत्तर देऊ :

क) कुन कुन कुराले मानव जीवनलाई सहज तुल्याइदिएका छन् ?

ख) केले केही क्षणमा खेत  जोत्न र सम्याउन सक्छ ?

प्रस्तुत अभ्यासले विद्यार्थीलाई सुनाइका आधारमा उत्तर लेख्न लगाएकाले यो अभ्यास सुनाइ लेखाइका लागि उपयुक्त छ ।

### ४.१४.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क): तलका प्रश्नहरूको मौखिक उत्तर देऊ : (नेपाली; ९०)

क) वाद विवाद प्रतियोगिताको सञ्चालन कहाँ हुँदै छ ?

ख) 'विज्ञान अभिशाप होइन वरदान हो' भन्ने विषयको पक्ष विपक्षमा ककसले बोले ?

प्रश्न (ख): तलका भनाइ कसले भनेको हो, भन : (ऐ)

क)प्रतियोगीहरूले आफ्ना विचारहरू राख्दा अत्यन्तै शिष्ट र सभ्य भाषामा राख्नुपर्ने छ ।

ख) जल, थल, र नभमा समेत मानिसले विजय प्राप्त गरेको छ ।

प्रश्न (ग): शुद्धसँग उच्चारण गर र कापीमा सार : (नेपाली; ९२)

आविष्कार, यातायात, सङ्कट, वितरण, उपलब्धि, शस्त्रअस्त्र

प्रस्तुत प्रश्न 'क र ख' अभ्यासहरू आफूले जानेका आधारमा मौखिक उत्तर दिनुपर्ने भएकाले बोलाइ सिप विकासका लागि धेरै उपयोगी देखिन्छन् भने प्रश्न 'ग' अभ्यासले विद्यार्थीलाई एकै समयमा बोल्ने र लेख्ने अभ्यास गराउने भएकाले बोलाइ र लेखाइ सिपको विकासका लागि उपयुक्त देखिन्छ ।

### ४.१४.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा समावेश गरेका पढाइ तथा लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क): 'विज्ञान अभिशाप नभई वरदान' भन्ने पाठलाई उद्घोषकसहित अरु चार जना पात्रले हाउभाउसहित पालैपालो पढेर कक्षामा सुनाऊ : (नेपाली; ९०)

प्रश्न (ख): तलका प्रश्नको उत्तर लेख : (नेपाली; ९१)

क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ?

ख) विज्ञानलाई अभिशाप मान्नुपर्ने  कारणहरू के के हुन् ?

प्रश्न (ग): विज्ञान वरदान हो भन्ने पक्षमा बोल्ने दुवै वक्ताका तर्कहर राम्ररी पढेर पाँच ओटा बुँदा टिप र सारांश लेख : (ऐ)

प्रश्न (घ): तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख : (नेपाली; ९३)

| | | |
|---|---|---|
| क) आदर्निय | आदरणिय | आदरणीय |
| ख) अभिशाप | अभीसाप | अभिसाप |

प्रस्तुत प्रश्न 'क' अभ्यासले विद्यार्थीलाई हाउभाउसहित पढ्न उत्साहित गर्ने भएकाले पढाइ सिपको विकास गर्नमा यो अभ्यास उपयुक्त देखिन्छ । प्रश्न 'ख, ग र घ'  अभ्यासहरू हेर्दा लेखाइसँग मात्र सम्बन्धित देखिएता पनि यिनीहरूको सम्बन्ध प्रत्यक्ष रुपमा पढाइसँग हुन्छ । यी अभ्यास समाधान

गर्ने क्रममा विद्यार्थीले पठ सूक्ष्म रुपले पढ्नु पर्ने भएकाले पढाइ र लेखाइ सिप विकासमा प्रस्तुत अभ्यासहरू उपयुक्त देखिन्छन् ।

### ४.१४.४ निष्कर्ष

वादविवाद बोलाइ सिपमा आधारित विधा भएकाले यस विधामा शिक्षण गर्ने क्रममा कक्षाकोठामा नै धेरै बोलाइको अभ्यास गराउनु स्वभाविक हुन्छ । यस पाठमा पनि पढाइलाई मात्र नभएर सबै सिपमा पोख्त बनाउन जम्मा १८ ओटा अभ्यासहरू समावेश गरिएको छ । जहाँ सुनाइ लेखाइ, बोलाइ लेखाइ, पढाइ लेखाइ गरेर सबै सिपलाई लेखाइसँग सम्बन्धित गराएर तथा छुट्टा छुट्टै पनि प्रस्तुत गरिएको छ । हाउभाउ सहित पठ पढ्ने, मौखिक उत्तर दिने, प्रत्यय जोडी शब्द बनाउने, शुद्धसँग उच्चारण गर्ने, पाठबाट निर्देशित शब्द पहिचान गर्ने, शब्दार्थ तथा विभिन्न शब्दलाई वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरूले भाषाका चारै सिपको विकास गर्नमा सहयोग पुऱ्याउने देखिन्छ । सिर्जनात्मक अभ्यासले भने वादविवादका थप शीर्षक दिई अभ्यास गराउन लगाएकाले विद्यार्थीहरू लाई बोल्ने कला विकासमा व्यापक सहयोग मिल्ने देखिन्छ ।

## ४.१५ 'पाठ चौध : साहित्यकार रवीन्द्रनाथ ठाकुर' को जीवनीमा प्रयुक्त अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, स-प्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सिप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम; २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

### ४.१५.१ पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

क) प्रस्तुत पाठ कक्षामा पालैपालो पढ र सुन । (नेपाली; ९८)

प्रस्तुत अभ्यासले विद्यार्थीहरूलाई अरुले पढेको सुनेर आफूले पनि सोही अनुरुप पढ्न मद्दत गर्ने भएकाले यस अभ्यासले पढाइका साथै सुनाइ सिपको पनि विकास गर्ने देखिन्छ ।

### ४.१५.२ सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र बोलाइ सिपको विकासका लागि निम्न अभ्यासको व्यवस्था गरिएको छ :

प्रश्न : पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन : (नेपाली; १००)

क) रवीन्द्रनाथ किन स्वतन्त्र रहेर सिक्न चाहन्थे ?

ख) रवीन्द्रनाथको केमा बढी आकर्षण थियो ?

प्रस्तुत अभ्यासले विद्यार्थीमा ध्यान पूर्वक सुन्ने बोल्ने सिपको विकास हुन्छ । विद्यार्थीले सुनेको भरमा उत्तर दिनु पर्ने भएकाले ध्यान केद्रित गर्ने बानीको पनि विकास हुन्छ ।

### ४.१५.३ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यासको व्यवस्था गरिएको छः

प्रश्न (क): शुद्ध उच्चारण गर र कापीमा सार : (ऐ)

बौद्धिक, प्राणी, अनमोल, गहकिलो, मर्मज्ञ, वाङ्मय, राष्टप्रेम, अभीष्ट,

प्रश्न (ख): तलमा प्रश्नको उत्तर भन : (नेपाली; ९८)

क) रवीन्द्रनाथको जन्म कहाँ भएको थियो ?

ख) रवीन्द्रनाथले साहित्य सिर्जना गर्ने प्रेरणा कसरी प्राप्त गरे ?

प्रश्न (ग): तलका शब्दको अर्थ भन : (नेपाली; ९९)

विविध, साहित्यकार, प्रतिष्ठा, अन्तराल, निर्भीक, गृहस्थ, आराधना

प्रस्तुत प्रश्न 'क' अभ्यासले विद्यार्थीलाई बोल्नका साथै कठिन शब्दको लेखन कार्यमा पनि अभ्यास गराउने भएकाले उपयुक्त छ भने प्रश्न 'ख र ग' अभ्यास भाषको बोलाइ अभ्याससँग सम्बन्धित रहेको छ । यस अभ्यासबाट विद्यार्थीहरूमा बोल्ने सिपको विकास हुन्छ ।

### ४.१५.४ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न (क): उत्तर लेख : (नेपाली; ९८)

क) रवीन्द्रनाथको बाल्यकाल कसरी बितेको थियो ?

ख) रवीन्द्रनाथको 'गिताञ्जली' कस्तो कृति हो ?

प्रश्न (ख): पाठको पाँचौ अनुच्छेद पढी चार ओटा मुख्य बुँदाहरू टिप र एक तृतीयांशमा सारांश लेख ।

प्रश्न (ग): अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (नेपाली; १००)

प्रतिभा, विश्व, अभ्यास, नाटक, सङ्गीत, मूर्ति

प्रश्न (घ): उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ : (नेपाली; ९९)

चकित, प्रसिद्ध, अनमोल, स्वतन्त्र, प्रख्यात, अमूल्य, विछोड, छक्क, मुक्त

माथिका प्रश्न 'क र ख' अभ्यासहरू भाषाका पढाइ र लेखाइ सिपसँग सम्बन्धित हुन्छन् । हेर्दा लेखाइका अभ्यास देखिएता पनि यी अभ्यासको समाधान गर्न लेखाइ तथा पढाइ दुबै सिपको आवश्यकता हुन्छ भने प्रश्न 'ग र घ' अभ्यासहरू पनि पढाइ लेखाइ सिपसँग सम्बन्धित छन । यी अभ्यासहरू गर्दा विद्यार्थीको पढाइ र लेखाइ दुबै सिपको विकास हुने भएकाले अभ्यास उपयुक्त छन ।

### ४.१५.५ निष्कर्ष

जीवनी शिक्षणबाट विद्यार्थीमा जीवनी लेखन तथा शब्दार्थको ज्ञान राम्रोसँग गराउन सकिन्छ । भाषको जुनसुकै विधा भएपनि अभ्यास गर्नाले भाषिक सिपमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै सहयोग पुऱ्याइ रहेको हुन्छ । यस पाठमा रहेका १६ ओटा अभ्यासहरू पनि कुनै न कुनै रुपमा भाषिक सिपको विकास गर्ने किसिमको नै देखिएका छन् । उत्तर भन, लेख, पर्याय तथा विपरीतार्थक शब्द छन, पाठबाट खोजेर टिप जस्ता अभ्यासले विद्यार्थीमा रहेको सिपमा निखारता ल्याउने देखिन्छ । सिर्जनात्मक अभ्यासमा रहेको बुँदाका आधारमा जीवनी लेखन अभ्यासले विद्यार्थीमा स्वतन्त्र लेखाइ सिपको विकास गर्ने देखिन्छ ।

## ४.१६ 'पाठ पन्ध्र : ठग समातियो' कथामा प्रयुक्त अभ्यासहरू

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल;२०६८:२७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ । यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ ।

### ४.१६.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र लेखाइ सिपको विकास गर्नका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख । (नेपाली; १००८)

प्रस्तुत अभ्यासमा लेखन कार्य गर्नका लागि ध्यानपूर्वक सुन्नु पर्ने भएकाले सुनाइ लेखाइ सिपको विकासका लागि यो अभ्यास उपयुक्त छ ।

### ४.१६.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न (क): उत्तर भन : (नेपाली; १०६)

क) 'ठग समातियो' कथाका लेखक को हुन ?

ख) विराजकी आमा किन चिन्तित हुनुहुन्थ्यो ?

प्रश्न (ख): शुद्धसँग उच्चारण गर र कापीमा सार : (नेपाली; १०८)

अवस्था, शङ्का, अलमल्याएर, हडबडाएर, निस्कँदो

माथि प्रश्न 'क' अभ्यासले बालबालिकामा सामान्य उत्तर भन्नेकार्यले संवादमा सहभागी हुने अभ्यास बढछ । त्यसैले यस अभ्यासले बोलाइ सिपको विकासमा प्रशस्त सहयोग पुऱ्याउँछ भने प्रश्न 'ख' अभ्यासले कठिन भन्दा कठिन शब्दको उच्चारण अभ्यासले प्रष्टसँग बोल्ने सिपको विकास गर्दछ ।

### ४.१६.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख : (नेपाली; १०६)

क) पख बाबु, म पैसा लिएर आउँछु ।

ख) त्यस केटाको अनुहार कस्तो छ, भन त ?

प्रश्न (ख): अर्थ स्पष्ट हुनेगरी बाक्यमा प्रयोग गर : (नेपाली; १०८)

चकित, चिन्तित, खर्च, औषधी, ठक्कर

प्रश्न (ग): तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ : (नेपाली; १०७)

क) आमा के कारणले गर्दा एकदमै आत्तिनुभयो ?

ख) आमा किन अस्पताल जान हिँड्न खोज्नुभयो ?

प्रश्न (घ): 'ठग समातियो' कथा कक्षामा पालैपालो पढ । (नेपाली; १०६)

माथि प्रश्न 'क र ख' अभ्यासहरू पढाइ सिपसँग सम्बन्धित छन् । पाठको राम्रोसँग अध्ययन पश्चात मात्र माथिका अभ्यास गर्न सकिने भएकाले प्रस्तुत अभ्यासहरूले पढाइ र लेखाइ सिपको विकास गर्ने देखिन्छ भने प्रश्न 'ग' अभ्यास लेखाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासले विद्यार्थीमा लेखाइ सिपको विकास गर्ने देखिन्छ । साथै प्रश्न 'घ' अभ्यास पढाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासले विद्याथीमा पाठ प्रष्टसँग पढने कार्यले पढाइ सिपको विकास हुन्छ ।

### ४.१६.४ निष्कर्ष

'ठग समातियो' सामाजिक कथा हो । यस कथाले विद्यार्थीमा सचेतता तथा विवेक पुऱ्याएर काम गर्ने वानीको विकास गरनउन खोजेको छ । यस कथामा राखिर नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १३ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । कथा पढ्ने, शिक्षकबाट सुनेर लेख्ने, पाठका आधारमा खाली ठाउँ भर्ने, उत्तर भन्ने, उत्तर लेख्ने, कथाको क्रम मिलाउने, आफ्नो विचारदिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ , पर्याय तथा विपर्याय शब्द लेख्न, वाक्यमा प्रयोग गर, शुद्ध गरेर सार जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । कथा शिक्षणको मर्म .अनुरुप नमुना अभ्यासको प्रयोग गरिनु तथा नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई कथा लेखन तथा घटना क्रम मिलाउने जस्ता प्रशस्त अभ्यास गराएकाले भाषिक सिपमा थप निखारता ल्याउने देखिन्छ ।

## ४.१७ पाठ सोर : 'कम्प्युटर र इन्टरनेट' प्रबन्धमा समाविष्ट नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन-जगत्कै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रुपमा लिइन्छ (भण्डारी र अन्य; २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रुपमा सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.१७.१ सुनाइ र पढाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र पढाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ । (नेपाली; ११२)

प्रस्तुत अभ्यास भाषाको सुनाइ र पढाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासले विद्यार्थीमा अरुले पढेको सुनेर आफूले पनि पढ्न सक्ने हुन अवसर प्रदान गर्दछ ।

### ४.१७.२ बोलाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा बोलाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न (क): उत्तर भन : (ऐ)

क) कम्प्युटरका विशेषताहरू के के हुन् ?

ख) कम्प्युटरमा कस्तो क्षमता हुन्छ ?

प्रश्न (ख): शिक्षकको सहयोग लिएर शुद्धसँग उच्चारण गर र कापीमा सार : (नेपाली; ११३)

निर्दिष्ट, स्थानान्तरण, गतिविधि, परियोजना

माथि प्रश्न 'क' अभ्यासले विद्यार्थीहरूलाई शिक्षकसँगको संवादमा सामेल गराउने भएकाले बोलाइ सिपसँग सम्बन्धित छ भने प्रश्न 'ख' अभ्यास भाषाको बोलाइ र लेखाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासका सहायताले विद्यार्थीहरू शब्दको सही उच्चारण सिक्छन साथै लेख्न पनि सिक्छन् ।

### ४.१७.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएका छन् :

प्रश्न (क): उपयुक्त शब्द राखी खाली ठाउँ भर : (नेपाली; ११२)

क) कम्प्युटर आधुनिक विज्ञानले दिएको अनुपम ........ हो ।

ख) इमेलको उपयोग गरी ................ गर्न सक्छौँ ।

प्रश्न (ख): उल्टो अर्थ दिने शब्द छानी जोडा मिलाऊ : (नेपाली; ११३)

| | | | | | |
|---|---|---|---|---|---|
| जटिल | आदान | वैज्ञानिक | सजीव | स्वीकार | |
| प्रदान | अस्वीकार | सरल | निर्जीव | अवैज्ञानिक | सार्थक |

प्रश्न (ग): भाव विस्तार गर : (नेपाली; ११२)

कम्प्युटर र इन्टरनेट मानव जीवनका हरेक क्षेत्रमा उत्तिकै उपयोगी छन् ।

प्रश्न (घ): पाठमा कम्प्युटर, टेलिफोन, डेस्कटप जस्ता प्राविधिक शब्दहरू प्रयोग भएका छन् । पाठबाट दस ओटा प्राविधिक शब्दहरू टिप र वाक्यमा प्रयोग गर । (नेपाली; ११३)

माथि प्रश्न 'क र ख' अभ्यासहरू भाषाका पढाइ र लेखाइ सिपसँग सम्बन्धित छन् । यस किसिमका अभ्यासले विद्यार्थीमा धेरै पढ्ने थोरै लेख्ने कार्य गराउने भएकाले पढाइ सिपमा भने धेरै जोड दिएको छ भने प्रश्न 'ग र घ' अभ्यासहरू भाषाको पढाइ लेखाइ  सिपसँग सम्बन्धित छन् । प्रस्तुत अभ्यासले विद्यार्थीमा सिर्जनात्मक लेखन क्षमताको विकास गराउँछ । आफ्नो पढाइको

सहायतामा विद्यार्थीले यस्ता अभ्यास गने भएकाले यी अभ्यासहरू पढाइ लेखाइ सिप विकासका लागि उपयुक्त छन् ।

### ४.१७.४ निष्कर्ष

'कम्प्युटर र इन्टरनेट' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू निबन्ध/ प्रबन्ध शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १६ ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइ/पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, लामो छोटो उत्तर लेख्ने, भाव विस्तार गर्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, श्रुति लेखन, ठिक बेठिक छुट्याउने, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन, नयाँ शब्द निर्माणमा उपसर्ग र प्रत्ययको प्रयोग, शब्द र अर्थको जोडा मिलाउने र कठिन शब्दको उच्चारण, प्राविधिक शब्दको ज्ञान तथा सिर्जनात्मक अभ्यासको निबन्ध लेखन कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरुप विद्यार्थीको शब्दभण्डार गत ज्ञानमा थप निखारता ल्याउने देखिन्छ ।

## ४.१८ 'पाठ सत्र : हामी एउटै हौँ' एकाङ्कीमा समाविष्ट नमुना अभ्यास

रुपक विधा नेपाली साहित्यको क्षेत्रमा रोचक र प्रभावकारी मानिन्छ । यस विधा अन्तर्गत एकाङ्की, संवाद, वादविवादलाई निमावि तहको पाठ्यक्रममा समावेश गरिएको छ । रुपक शिक्षणको मुख्य प्रयोजन बोलाइ सिपको विकास गर्नु हो । रुपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट एकाङ्की, संवाद र वादविवादलाई परिस्थिति, मात्र तथा भाव अनुकुल वाचन, अभिनय एवं भूमिका निर्वाहको अभ्यास गराउनु पर्छ । रुपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ पहिचान, संवाद वा वादविवादको अनुकरणत्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनुलेखन अदि क्रियाकलाप समेत गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नु पर्छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९) ।

### ४.१८.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : शिक्षकबाट सुनेर लेख : (नेपाली; १२१)

हो त, प्राणीहरूमा हामी सर्वश्रेष्ठ प्राणी हौँ ।(एक अक्षरमा जोड दिदै) मानव । यो विश्व हामी जस्ता मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो ।

यस श्रुतिलेखन अभ्यासले विद्यार्थीमा सुनेर लेख्ने अभ्यासको विकास हुन्छ । जसका सहायताले विद्यार्थीहरू बाटामा, गाडीमा हिड्दा सुनेका कुरालाई सम्झेर पनि टिपोट गर्न सक्छन् ।

### ४.१८.२ बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा बोलाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : उत्तर भन : (नेपाली; ११९)

क) 'हामी एउटै हौँ' कस्तो विधा हो ?

ख) स्नेह पाउँदा हाम्रो मन के गर्न थाल्छ ?

प्रश्न : शुद्धसँग उच्चारण गर : (नेपाली; १२१)

रक्तवाहिनी, घुम्रिँदै, सङ्ग्रहालय, नृत्य, वंशज, स्वर

प्रस्तुत अभ्यासहरू भाषको बोलाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यासले शुद्ध उच्चारण तथा संवादमा समावेश गर्ने भएकाले बोलाइ सिपको विकासमा सहयोग पुऱ्याउँछन् ।

### ४.१८.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपसँग सम्बन्धित निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): 'हामी एउटै हौँ' एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउसहित सस्वर वाचन गर । (नेपाली; ११९)

प्रश्न (ख): पाठका आधारमा ठिक बेठिक छुट्याउ : (ऐ)

क) विजया हाम्रो देशको राजधानीमा बस्छिन् ।

ख) हामी सबै यस राष्ट्रको सीमा रक्षामा तैनाथ सजग प्रहरी हौँ ।

प्रश्न (ग): हामी एउटै हौँ एकाङ्कीको मुख्य सन्देश लेख । (नेपाली; १२०)

प्रश्न (घ): तलका शब्दको अर्थ लेख : (ऐ)

माथ, तैनाथ, कर्मशील, प्रसन्न, गर्वसाथ

प्रश्न (ङ): शुद्ध गरी सार : (नेपाली; १२१)

हामी एस भुमन्डलका प्राणी हौ, यस पृथ्वीनामक सुन्दर वगैँचामा फलेफुलेका कर्मशिल प्राणीबर्ग हौँ ।

माथि प्रश्न 'क' अभ्यास भाषाको पढाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासले विद्यार्थीलाई हाउभाउ पूर्ण वाचन तथा सस्वर वाचन गर्न सिकाउँछ भने प्रश्न 'ख र ग' अभ्यास भाषाको पढाइ र लेखाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यास गर्न विद्यार्थीले राम्रोसँग पाठको अध्ययन गर्ने भएकाले यी अभ्यासहरू पढाइ सिपसँग पनि सम्बन्धित भएका छन् । साथै प्रश्न 'घ र ङ' अभ्यासहरू भाषाको पढाइ र लेखाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यासले लेखाइ भन्दा पढाइमा अली बढी जोड दिएका हुन्छन् ।

### ४.१८.४ निष्कर्ष

एकाङ्की रुपक विधा अन्तर्गत पर्दछ । यो विधाको शिक्षण बोलाइ सिपको विकासका लागि गरिने भएकाले पाठ पढ्ने क्रममा नै बोलाइ सिपको प्रशस्त अभ्यास गराउनु पर्ने हुन्छ । यहाँका १२ ओटा अभ्यासहरू पनि कुनै न कुनै रुपमा बोलाइ सिपसँग सम्बन्धित भने देखिन्छन् । पाठमा राखिएको पहिलो अभ्यासले नै विद्यार्थीलाई पढाइ सिपको अभ्यास गराउँछ । साथै अरु सिपका अभ्यासलाई समावेश गर्ने क्रममा प्रश्न उत्तर, व्याख्या, शब्दार्थ वाक्यमा प्रयोग, सुनेर लेख, शुद्ध उच्चारण गर जस्ता अभ्यासहरू समावेश गरिएका छन् ।

## ४.१९ 'पाठ अठार : आह्वान' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता लयात्मक विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथनपद्धतिको प्रयोग गरी जीवन-जगत्को वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रुपमा चिनिन्छ (भण्डारी र पौडेल;२०६६:१) । त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय, र भाव अनुरुप पठन गर्न सक्ने, अनुभूति गर्न सक्ने, भाव एवम् महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सिपको विकास गरी कविताप्रति अभिरुचि जग्नु पर्छ । कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो । कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणत्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सिपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो ।

### ४.१९.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : 'आह्वान' कविताका अन्तिम दुई अनुच्छेद शिक्षकबाट सुनेर लेख : (नेपाली; १२५)

प्रस्तुत अभ्यास भाषाको सुनाइ र लेखाइ सिपसँग सम्बन्धित छ । श्रुतिलेखनको यस अभ्यासले विद्यार्थीलाई उपयुक्त सुनाइका आधारमा लेख्ने अभ्यास गराउँछ ।

### ४.१९.२ पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न : पाठमा दिइएको कविता लय मिलाई वाचन गरेर सबैलाई सुनाऊ : (नेपाली; १२३)

प्रस्तुत अभ्यास भाषाको पढाइ सिपसँग सम्बन्धित भएपनि यसले सुनाइ सिपको पनि परिक्षण गर्न सघाउभने पुऱ्याउँछ । यस्ता अभ्यासले विद्यार्थीमा सुनेर सिक्ने बानीको पनि विकास गराउँछ ।

### ४.१९.३ बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरेको छ :

प्रश्न : तलका प्रश्नको उत्तर भन : (ऐ)

क) मनहरूले अझै के गर्नुपर्छ ?

ख) देश के के हो ?

प्रश्न : तलका शब्द शुद्धसँग उच्चारण गर : (नेपाली;

भक्ति, बलभद्र, बोधिसत्त्व, वर्चस्व, अस्तित्व

प्रस्तुत भाषाका बोलाइ सिपसँग सम्बन्धित छन् । जुन अभ्यासले विद्यार्थीहरूलाई स्पष्ट बोल्न अभ्यास गराउने गर्दछ । कठिन शब्दको उच्चारणले भने स्पष्ट पढ्न पनि सघाउ पुऱ्याउँछ ।

### ४.१९.४ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): पाठमा हेरेर खाली ठाउँ भरी कविताका हरफहरू पुरा गर्नुहोस् : (नेपाली; १२४)

हातहरू.................. अझै

माटो.................... मुठीहरूमा

प्रश्न (ख): पाठमा 'चल्नुपर्छ, जाग्नुपर्छ' जस्ता आधा अक्षर लागेका क्रियापदहरू प्रयोग भएका छन् । जस्तै आधा अक्षर लागेका अरु पाँच ओटा क्रियापद खोजेर कापीमा सार । ( नेपाली; १२५)

प्रश्न (ग): व्याख्या गर : (नेपाली; १२४)

मेची महाकाली कतै पनि अलिकति देश दुख्नु हुँदैन

कसैका पनि आँखाहरूबाट पीडाका थोपाहरू खस्नु हुँदैन

प्रश्न (घ): कवितामा कविले भोलिको नेपालको सुन्द चित्र कसरी उतारेका छन् ? आफ्नै शैलीमा लेख । (ऐ)

प्रस्तुत प्रश्न 'क र ख' अभ्यासहरू भाषाका पढाइ र लेखाइ सिपसँग सम्बन्धित छन् । सामान्य लेखन कार्यका लागि बृहत पठन कार्य गुर्न पर्ने भएकाले यी अभ्यासहरूले पढाइ सिपमा भने बढी जोड दिएका छन् भने प्रश्न 'ग र घ' अभ्यासहरू भाषाको लेखाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यासहरूले विद्यार्थीलाई सिर्जनात्मक बनाउँछ भने लेखाइ सिपको पनि विकास हुन्छ ।

### ४.१९.५ निष्कर्ष

'आह्वान' कविता राष्ट्र भक्तिले ओत प्रोत भएको कविता हो । यस कवितामा प्रयुक्त अभ्यास, शब्द भण्डार र उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सिपलाई विकास गर्नका लागि समावेश गरेको पाइयो । सुनाइ लेखाइ, पढाइ सुनाइ तथा पढाइ लेखाइ गरेर सिपहरूलाई एकअर्कासँग सिपलाई सम्बन्धित बनाएर प्रस्तुत गरिएका अभ्यासहरू उपयुक्त देखिएका छन् । बोलाइ सिपका लागि उत्तर भन तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त छन् । पढाइ सिपका लागि पाठको लय हालेर पढ्ने अभ्यास उपयुक्त छ साथै खालिठाउँ भर्ने, मिल्ने र मिल्दो अर्थ छानेर जोडा मिलाउने जस्ता अभ्यासले पनि लेखाइ भन्दा पढाइ सिपलाई विकास गर्ने देखिन्छ । जम्मा १५ वटा अभ्यास भएको यो पाठमा ९ वटा पढाइ र लेखाइ सिपमा आधारित भएपनि लेखाइ सिपले अगाडिका तिनओटै सिपलाई सङ्सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सिप विकास गर्ने देखिन्छ ।

## ४.२० 'पाठ उन्नाइस : सिंह र स्यालको कथा' मा प्रयुक्त नमुना अभ्यास

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल;२०६८:२७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न,

कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ। यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ। कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९)। यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ।

### ४.२०.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिपको विकासगर्न निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख : (नेपाली; १३२)

प्रस्तुत अभ्यास भाषाको सुनाइ र लेखाइ सिप विकासमा उपयोगी देखिन्छ। श्रुति लेखनका अभ्यासले विद्यार्थीमा सुन्ने र लेख्ने दुबै कार्यमा समावेश गर्ने भएकाले यो अभ्यास उपयुक्त छ।

### ४.२०.२ पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र सुनाइ सिपको विकासगर्न निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : पाठ पालैपालो पढेर कक्षामा सुनाऊ। (नेपाली; १३०)

प्रस्तुत अभ्यास भाषाको पढाइ र सुनाइ सिपको विकासमा उपयोगी देखिन्छ। पढेका कुरा सुन्ने र सुन्नेले फेरी पढ्ने अभ्यास विद्यार्थीलाई गराउँदा उनीहरूले अफूलाई पढ्न नआउने शब्दहरूको ज्ञानपनि हुने भएकाले यो अभ्यास उपयुक्त छ।

### ४.२०.३ बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : उत्तर भन : (नेपाली; १३०)

क) भाले र पोथी सिंहको जोडी कहाँ बस्थ्यो ?

ख) पोथी सिंहले कति ओटा बच्चा जन्मायो ?

प्रश्न : शुद्धसँग उच्चारण गर : (नेपाली; १३२)

आँखीभौँ, ब्रह्मचारी, शास्त्र, व्यवस्था, परिस्थिति, आक्रोश

प्रस्तुत अभ्यास भाषाको बोलाइ सिपसँग सम्बन्धित छन् । यी अभ्यासले विद्यार्थीलाई प्रष्टसँग बोल्न तथा संवाद कार्यमा सहभागी गराउने भएकाले बोलाए सिपको विकासमा उपयुक्त छन् ।

### ४.२०.४ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): पाठबाट ठिक शब्द खोजेर खालीठाउँ भर : (नेपाली; १३०)

क) सिंहको परिवारमा .............बच्चाहर सँगै हुर्किन थाले ।

ख) पोथी सिंहले..........भएर हाँस्तै भन्यो ।

प्रश्न (ख): तलका भनाइ कसले किन भनेको हो, लेख : (नेपाली; १३१)

क) आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ ।

ख) यो सनातन धर्म पनि हो ।

प्रश्न (ग): अर्थ स्पष्ट अुने गरी वाक्यमा प्रयोग गर :(ऐ)

टाप कस्नु, ज्यान जोगाउनु, आगो हुनु, कुलेलाम ठोक्नु

प्रश्न (घ): भाव स्पष्ट पार : (ऐ)

ज्यानै जाने अवस्था आइलाग्दा पनि गर्न नहुने काम कहिल्यै कसैले गर्नु हुँदैन ।

प्रस्तुत प्रश्न ‘क र ख’ अभ्यासहरू भाषाको पढाइ सिप विकासका लागि राखिएका भए पनि लेखाइ सिपसँग पनि सम्बन्धित छन् । उत्तरमा सानो अंश लेख्न पाठ राम्रोसँग पढ्नु पर्ने भएकाले यी अभ्यास उपयुक्त छन् भने प्रश्न ‘ग र घ’ अभ्यासहरू भाषाको पाढाइ भन्दा लेखाइ सिपसँग सम्बन्धित

छन् । पाठको पढाइका अधारमा सिर्जनात्मक उत्तर लेख्नुपर्ने भएकाले लेखाइ सिपको विकासमा यी अभ्यासहरू उपयुक्त छन् ।

### ४.२०.५ निष्कर्ष

'सिंह र स्यालको कथा' बाल सामाजिक कथा हो । यस कथाले विद्यार्थीमा सहयोगी भावनाको विकास गरनउन खोजेको छ । यस कथामा राखिर नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १२ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचारदिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ , नयाँ शब्द बनाऊ, शिरिविन्दुको प्रयोग, वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । पढेर सुनाउ, श्रुति लेखन तथा शुद्धगरी लेख जस्ता अभ्यासहरूले यस पाठका अभ्यासहरूलाई भाषिक सिपको आधारमा उपयुक्त बनाएका छन् ।

## ४.२१ 'पाठ बिस : नेपाली संस्कृति' प्रबन्धमा प्रयुक्त अभ्यासहरू

गद्य भाषामा लेखिएको जीवन-जगत्कै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रुपमा लिइन्छ (भण्डारी र अन्य; २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रुपमा सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ ( आधारभूत शिक्षा पठ्यक्रम २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.२१.१ पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र सुनाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : कक्षामा पाठ पालैपालो पढेर सुनाऊ । (नेपाली; १३९)

प्रस्तुत अभ्यासमा पढेको कुरा सुन्ने र सुनेका आधारमा पढ्ने अभ्यास गराइने भएकाले यस अभ्यासहरू पढाइ र सुनाइ सिपको विकासमा सहयोगी देखिन्छन् ।

### ४.२१.२ बोलाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ र सुनाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : शुद्धसँग उच्चारण गरेर कक्षामा सनाऊ : (नेपाली; १४१)

ल्होसार, चरा चुरुङ्गी, समन्वित, सुसम्बन्ध, सत्यवादी, सम्मिश्रण, सहिष्णुता, आचरण

प्रस्तुत अभ्यासले विद्यार्थीलाई आफूले उच्चारण गरेर सुनाउने र सुन्नले सुनेर सिकाउने भएकाले यस अभ्यासले बोलाइ र सुनाइ सिपको विकास गर्न सहयोग पुग्छ ।

### ४.२१.३ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : पाठको चौँथो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

प्रस्तुत अभ्यासले विद्यार्थीलाई ध्यानपूर्वक सुन्ने र सुनेका आधारमा लेख्नु पर्ने भएकाले यस अभ्यासले सुनाइ र लेखाइ सिपको विकास गराउँछ ।

### ४.२१.४ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न (क): ठिक उत्तरमा (√) चिह्न लगाऊ : (नेपाली; १४०)

क) नेपाली संस्कृतिको मूल विशेषता के हो ?

अ) अनेकतामा एकता आ) पश्चिमी संस्कृतिको सहयोग

इ) सय थरी बाजाको एउटै ताल ई) सबै जातको फुलबारी

प्रश्न (ख): तलका शब्दको अर्थ बताऊ : ( नेपाली; १४१)

विविधतामय, धर्मावलम्वी, तमाम, प्रशंसक, समृद्धि, सङ्गम

प्रश्न (ग): भाव विस्तार गर : (ऐ)

क) विविधताबिचको एकता नेपाली संस्कृतिक मूल खम्बा हो ।

प्रश्न (घ): पाठको पहिलो अनुच्छेद कापीमा राम्रा अक्षर पारेर सार ।

माथि प्रश्न 'क र ख' किसिमका अभ्यासहरूले विद्यार्थीहरूको लेखाइ सिपमा कम र पढाइ सिपमा ज्यादा सहयोग पुऱ्याउने देखिन्छ । सामान्य लेखनका लागि बृहत अध्ययन गर्नु पर्ने भएकाले यी अभ्यासहरू उपयुक्त छन् भने प्रस्तुत प्रश्न 'ग र घ' अभ्यासहरू भाषाको लेखाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यासले विद्यार्थीलाई आफ्नो अध्ययनका आधारमा उत्तर लेख्ने तथा सिर्जनात्मक लेखनमा समावेश गराउने भएकाले उपयुक्त देखिन्छन् ।

### ४.२१.५ **निष्कर्ष**

नेपाली संस्कृति नामक यस प्रबन्धमा भाषिक सिपहरूलाई समान रुपले अभ्यास गराउन उपयुक्त अभ्यासहरूको समावेश गरेको छ । व्याकरण अभ्यास बाहेक १३ ओटा अभ्यास रहेको यस पाठमा शब्दभण्डार सम्बन्धीका अभ्यासहरू भने कम देखिन्छ । भाषाका चारै सिपको अभ्यासका लागि पढेर सुनाऊ, उत्तर भन, ठिक उत्तर छन, अर्थ बताऊ, वर्णन गर, शुद्धसँग उच्चारण गर जस्ता अभ्यासहरू समावेश गरिएका छन् । सुनाइ तथा लेखाइ सिपलाई जोड गर्न सुनेर लेख तथा पाठ जस्ताको तस्तै सार जस्ता अभ्यासले यस पाठको नमुना अभ्यासलाई अझ उपयुक्त बनाएको देखिन्छ ।

## ४.२२ **'पाठ एकाइस : सर आइज्याक न्युटन' को जीवनीमा प्रयुक्त नमुना अभ्यासहरू**

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, स-प्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सिप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम; २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

### ४.२२.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ :

प्रश्न : शिक्षकबाट सुनेर लेख : (नेपाली; १५१)

प्रिन्सिपिया, टेलिस्कोप, द्रव्यमान, प्रिज्म, आशातीत

प्रस्तुत अभ्यासले विद्यार्थीलाई ध्यानपूर्वक सुन्ने र सुनेका आधारमा लेख्नु पर्ने हुन्छ । यस अभ्यासले सुनाय र लेखाइ सिपको विकास गराउँछ ।

### ४.२२.२ बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा बोलाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : उत्तर भन : (नेपाली; १४९)

क) मानवको जीवन किन सुखी र रम्पन्न बनेको छ ?

ख) न्युटनको पालन पोषण र हेरचाह किन न्युटनकी हजुरामाले गर्नुपऱ्यो ?

प्रश्न : शुद्धसँग उच्चारण गर : (नेपाली; १५२)

कम्प्युटर, ग्रान्थाम, ट्रिनिटी गुरुत्वाकर्षण

प्रस्तुत अभ्यास भाषाको बोलाइ सिपसँग सम्बन्धित छन् । यी अभ्यासले विद्यार्थीलाई प्रष्टसँग बोल्न तथा संवाद कार्यमा सहभागी गराउने भएकाले बोलाए सिपको विकासमा उपयुक्त छन् ।

### ४.२२.३ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): पाठको आठौँ अनुच्छेद पालैपालो गरी सबैले सस्वर वाचन गर : (नेपाली; १४८)

प्रश्न (ख): ठिक बेठिक छुट्याऊ : (नेपाली; १४९)

क) न्युटन 'सर' को उपाधि पाएपछि सर आइज्याक न्युटन भएका हुन् ।

ख) न्युटनले प्रकाश सम्बधी सिद्धान्तको प्रतिपादन गरे ।

प्रश्न (ग): कोष्ठकबाट ठिक उत्तर छानेर खाली ठाउँ भर : (ऐ)

क) आइज्याक न्युटनको जन्म सन् .... मा भएको थियो । (१६४२, १७४२, १८४२)

ख) न्युटन ..... वर्षको उमेरमा विद्यालयमा भर्ना भए । (दस, बार, पन्ध्र)

प्रश्न (घ): सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव परेको छ ? आफ्नो विचार लेख : (नेपाली; १५०)

प्रश्न (ङ): सर आइज्याक न्युटनले आधुनिक विज्ञानका क्षेत्रमा दिएको योगदानको सविस्तार गर : (ऐ)

प्रस्तुत प्रश्न 'क' अभ्यास पढाइ सिपसँग सम्बन्धित छ । यस अभ्यासले विद्यार्थीमा आदनात्मक सिपको विकास हुन्छ भने प्रश्न 'ख र ग' किसिमका अभ्यासहरूले विद्यार्थीहरूको लेखाइ सिपमा कम र पढाइ सिपमा ज्यादा सहयोग पुऱ्याउने देखिन्छ । सामान्य लेखनका लागि बृहत अध्ययन गर्नु पर्ने भएकाले यी अभ्यासहरू उपयुक्त छन् ।साथै प्रश्न 'घ र ङ' अभ्यासहरू भाषाको लेखाइ सिपसँग

सम्बन्धित छन् । यस्ता अभ्यासले विद्यार्थीलाई आफ्नो अध्ययनका आधारमा उत्तर लेख्ने तथा सिर्जनात्मक लेखनमा समावेश गराउने भएकाले उपयुक्त देखिन्छन् ।

### ४.२२.४ **निष्कर्ष**

जीवनी शिक्षणबाट विद्यार्थीमा जीवनी लेखन तथा शब्दार्थको ज्ञान राम्रोसँग गराउन सकिन्छ । भाषको जुनसुकै विधा भएपनि अभ्यास गर्नाले भाषिक सिपमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै सहयोग पुऱ्याइ रहेको हुन्छ । यस पाठमा रहेका १८ ओटा अभ्यासहरू पनि कुनै न कुनै रुपमा भाषिक सिपको विकास गर्ने किसिमको नै देखिएका छन् । उत्तर भन, लेख, जोडा मिलाऊ, पाठबाट खोजेर टिप, खालिठाउँ भर, शुद्धउच्चारण गर, सिर्जनात्मक उत्तर लेखन जस्ता अभ्यासले विद्यार्थीमा रहेको सिपमा निखारता ल्याउने देखिन्छ । भाषाका चार ओटै सिपलाई समावेश गरिएको यस पठको अभ्यास उपयुक्त छ । सिर्जनात्मक अभ्यासमा रहेको बुँदाका आधारमा जीवनी लेखन अभ्यासले विद्यार्थीमा स्वतन्त्र लेखाइ सिपको विकास गर्ने देखिन्छ ।

## ४.२३ 'पाठ बाइस : स्वाभिमान' कथामा प्रयुक्त नमुना अभ्यासहरू

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सिपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि सम्वर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरीनै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल; २०६८:२७२) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सिपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ । यस्ता सिप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सिपलाई उजागर गर्न सक्छ ।

### ४.२३.१ सुनाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर शुद्धसँग लेख : (नेपाली; १६१)

प्रस्तुत अभ्यासले विद्यार्थीलाई ध्यानपूर्वक सुन्ने र सुनेका आधारमा लेख्नु पर्ने हुन्छ । यस अभ्यासले सुनाइ र लेखाइ सिपको विकास गराउँछ ।

### ४.२३.२ पढाइ र सुनाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र सुनाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : 'स्वाभिमान' कथा पालैपालो पढेर कक्षामा सुनाऊ । (नेपाली; १६०)

प्रस्तुत अभ्यासमा पढेको कुरा सुन्ने र सुनेका आधारमा पढ्ने अभ्यास गराइने भएकाले यस अभ्यासहरू पढाइ र सुनाइ सिपको विकासमा सहयोगी देखिन्छन् ।

### ४.२३.३ लेखाइ सिपकसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा लेखाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न : उत्तर भन : (ऐ)

क) जनरल हेस्टिङको स्वभाव कस्तो थियो ?

ख) ब्राडस को थिए ?

प्रश्न : शुद्धसँग उच्चारण गर : (नेपाली; १६१)

राष्ट्रवादी, सन्नाटा, ग्वालियर, एकीकरण, पेनिन्सुलर, लर्ड हेस्टिङ, महत्त्वाकाङ्क्षा

प्रस्तुत अभ्यास भाषाको बोलाइ सिपसँग सम्बन्धित छन् । यी अभ्यासले विद्यार्थीलाई प्रष्टसँग बोल्न तथा संवाद कार्यमा सहभागी गराउने भएकाले बोलाए सिपको विकासमा उपयुक्त छन् ।

### ४.२३.४ पढाइ र लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सिप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क): तलका भनाइ कसले कसलाई भनेको हो, लेख । (ऐ)

क) नेपाललाई त म औँलामा नचाइदिन्छु ।

ख) हामी अङ्ग्रेजसँग युद्ध गर्न सक्दैनौँ ?

प्रश्न (ख): मिल्दो शब्द छानेर जोडा मिलाऊ : (ऐ)

सूर्य, डर, मौका, पत्र, अपमान, शिर, अवसर, चिठी, दिवाकर, त्रास, माथ, तिरस्कार

प्रश्न (ग): भाव विस्तार गर : (नेपाली; १६०)

क) पहाडको शीतल फाँटमा सुन्दर बङ्गला बनाएर त्यहीँबाट हाम्रो राज सुरु हुन्छ ।

प्रश्न (घ): तलका टुक्कालाई उदाहरणमा देखाए जस्तै गरी वाक्यमा प्रयोग गर : (नेपाली; १६१)

राताराता आँखा पार्नु, खेलवाड गर्नु, आफ्नै खुट्टामा आँफैले बन्चरो हान्नु, धावा बोल्नु

माथि प्रश्न 'क र ख' किसिमका अभ्यासहरूले विद्यार्थीहरूको लेखाइ सिपमा कम र पढाइ सिपमा ज्यादा सहयोग पुऱ्याउने देखिन्छ । सामान्य लेखनका लागि बृहत अध्ययन गर्नु पर्ने भएकाले यी अभ्यासहरू उपयुक्त छन् भने प्रश्न 'ग र घ' अभ्यासहरू भाषाको लेखाइ सिपसँग सम्बन्धित छन् । यस्ता अभ्यासले विद्यार्थीलाई आफ्नो अध्ययनका आधारमा उत्तर लेख्ने तथा सिर्जनात्मक लेखनमा समावेश गराउने भएकाले उपयुक्त देखिन्छन् ।

### ४.२३.५ निष्कर्ष

'स्वाभिमान' ऐतिहाँसिक कथा हो । यस कथाले विद्यार्थीमा सहयोगी भावना तथा राष्ट्र प्रेमको भावना विकास गरनउन खोजेको छ । यस कथामा राखिर नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्यअनुरुप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि वाहेक १३ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरुप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचार दिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष

जोड दिएर शब्दको अर्थ , नयाँ शब्द बनाऊ, शिरिविन्दुको प्रयोग, वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइएता पनि सुनाइ सिपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । पढेर सुनाउ, सुनेर लेख, शुद्धगरी लेख, उखान टुक्कालाई वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरूले यस पाठका अभ्यासहरूलाई भाषिक सिपको आधारमा यपयुक्त बनाएका छन् ।

# अध्यय पाँच : निष्कर्ष र सुझाव

## ५.१ निर्ष्कष

कक्षा ८ को नेपाली पाठ्यपुस्तक आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले परिमार्जन गरी वि.सं. २०७२ सालबाट देशभर लागु गरिएको छ । भाषा पाठ्यपुस्तक तथा पाठ्यक्रमलाई समय अनुसार परिमार्जन गर्नु अति आवश्यक हुन्छ । त्यसैले कक्षा ८ को परिमाजिर्त पाठ्य पुस्तकमा समावेश गरिएका नमुना अभ्यासको सिप विकासका दृष्टिले उपयुक्तताको अध्ययन गर्न तथ्यगत व्याख्या विश्लेषण गरिएको छ ।

सिकारुमा भाषिक सिप विकासका लगि भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको महत्त्वपूर्ण भुमिका हुन्छ । भाषाका चारै सिपको विकास गर्ने उद्देश्य नमुना अभ्यासबाट पुरागर्ने लक्ष्य लिइएको हुन्छ । त्यस्तै गरी हिज्जे, वाक्यगठन, वाक्यनिर्माण सम्बन्धी अभ्यासमा हिज्जे तथा उच्चारण र व्याकराण अभ्यासले मद्दत पुऱ्याउने देखिन्छ । विभिन्न विषय सिलसिला मिलाइ वर्णन गर्न, कथा लेख्न, कविता लेख्न, गीत लेख्न, मौखिक अभिव्यक्ति दिन, वादविवाद गर्न सक्ने जस्ता उद्देश्य पुरा गर्न पाठसम्बद्ध नमुना अभ्यास र सिर्जनात्मक अभ्याससका प्रश्नले सहयोग पुऱ्याउँने देखिन्छ । समग्रमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू स्तरीय देखिन्छन् । वादविवाद, एकाङ्की जस्ता समूहगत रुपमा गरिने कार्यकलाप पाठमा समावेश गरिए पनि अभ्यासमा त्यसलाई न्यून रुपमा समावेश गरेको पाइन्छ । सिर्जनात्मक अभ्यासमा भने वादविवाद, निबन्ध, प्रबन्ध, संवाद, जीवनी, कथा लेखन जस्ता अभ्यासलाई समावेश गर्नाले कक्षा ८ का विद्यार्थीहरूका लागि स्तर अनुकुल बनाउनका साथै क्षमता विकासमा मद्दत पुग्ने देखिन्छ । कतिपय नमुना अभ्यासहरू शिक्षक तथा विद्यार्थीका लागि स्पष्ट निर्देशनहरू नदिइएकाले अन्योल हुने देखिन्छ । समष्टिगत रुपमा हेर्दा नमुना अभ्यासहरू स्तरीय देखिन्छन् , समूहगत कार्यकलापका अभ्यासहरू न्यून देखिन्छन् ।

सामान्य, शब्दभण्डार, उच्चारण  र हिज्जे, प्रयोगात्मक तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारणा बसाउनुका साथै व्यावहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ । भाषिक सिप र दक्षता वृद्धिका लागि नमुना अभ्यासको महत्त्व पूर्ण भूमिका रहन्छ । सुनाइ बोलाई सिप अन्तर्गतका उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न, शब्दहरूको शुद्ध उच्चारण गर्ने, मौखिक उत्तर दिने जस्ता अभ्यासले उद्देश्य पूरा गर्न सक्दछ । पाठलाई पढ्ने तथा पढेर सुनाउने अभ्यासले पढाइ सिपसँग सम्बन्धित उद्देश्य पूरा गर्न मद्दत पुऱ्याउँछ । लेखाइ सिपसँग सम्बन्धित उद्देश्य पूरा गर्न छोटो उत्तर, लामो उत्तर, विवेचनात्मक उत्तर, व्याख्या, कारण देऊ, हिज्जे मिलाई लेख तथा व्याकरण अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका समग्र नमुना अभ्यासहरूको अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । भाषाका चारै सिपको विकास गर्न साथै विद्यार्थीको स्तरअनुरुप सिर्जनात्मक कला तथा व्याकरण सम्बन्धी ज्ञान प्राप्त गर्नका लागि पनि अभ्यासहरू अनुकूल रहेको देखिन्छ ।

### ५.१.१ सबल पक्ष

१. आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार परिमार्जित गरी पाठ्यक्रमले  निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छन् ।

२. प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास विधा अनुरुप नै संयोजन गरिएको छ ।

३. सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारिक सिप अभिवृद्धि गर्ने तफ नमुना अभ्यास केन्द्रित रहेको छ ।

४. विधा अनुसार सिर्जनात्मक अभ्यास राखी विद्यार्थीलाई सिर्जनात्मक ज्ञान दिइएको छ ।

५. व्याकरण तथा शब्दभण्डारका अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

६. नमुना अभ्यासलाई विविधीकरण गरी प्रस्तुत गरिएको छ ।

७. अभ्यासलाई सरलबाट जटिलको क्रममा प्रस्तुत गरिएको छ ।

८. अभ्यासलाई सामान्य, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यास गरेर पाँच तरिकाका अभ्यासहरू दिइएको छ ।

९. नमुना अभ्यास पढाइसँग सम्बन्धित अभ्यास सुरुमा दिइएको छ ।

१०. कथा, कविता, जीवनी, प्रबन्ध, वादविवाद, एकाङ्की, निवेदन, विधामा विषयवस्तुगत प्रश्न भन्दा भाषिक सिपगत अभ्यासहरू बढी समावेश गरिएका छन् । जसले गर्दा भाषाका चारै सिपको विकास गर्नुका साथै सिर्जनात्मक क्षमता विकासमा पनि मद्दत पुग्दछ ।

११. प्रय पाठाहरूमा विचारप्रधान उत्तर दिने प्रश्नहरू समावेश गरेर विद्यार्थीको सिर्जनात्मक लेखनमा सहयोग पु¥याउने गरी अभ्यासहरूको सम्योजन गरिएको छ ।

१२. वादविवाद, चिठी, निवेदन पाठमा विधा अनुसारका अभ्यास दिइएको छ ।

१३. प्रबन्ध विधाबाट शब्दार्थ तथा मौखिक वर्णन सिकाउनका लागि सो अनुरुप अभ्यासहरू पनि उपयुक्त मात्रामा राखिएको छ ।

१४. विधाको विविधीकरण अनुरुप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा विद्यार्थीलाई सरिक गराउँन मिल्ने गरी अभ्यासको व्यवस्था मिलाइएको देखिन्छ ।

१५. सिपपरक अभ्यास र ज्ञानपरक अभ्यास एकले अर्कालाई सहयोग गर्ने भएकाले सोही अनुसार अभ्यासहरूको तादात्म्यता मिलाई अभ्यास राखिएको छ ।

१६. शब्दभण्डार तथा उच्चारण अभ्यास बेग्ला बेग्लै आखिएकाले विद्यार्थीलाई छुट्टा छुट्टै अभ्यास गरेर अभ्यस्त हुने अवसर मिल्छ ।

१७. विधिको विविधीकरण अनुरुप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा सरिक गराउँन मिल्ने गरी अभ्यासको व्यावस्था मिलाइएको देखिन्छ ।

### ५.१.२ दुर्बल पक्ष

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका भाषिक सिपलाई समेट्ने प्रयास गरिए तापनि लेखाइ सिपलाई बढी जोड दिएको देखिन्छ ।

२. अभ्यासका लागि दिएका निर्देशनहरू स्पष्ट नभएकाले कतिपय स्थितिमा शिक्षक र विद्यार्थी अलमलिन सक्ने देखिन्छ ।

३. वादविवाद तथा एकाङ्की मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा भएपनि बोलाइ सिपको विकास गर्ने खालका अभ्यासको कमी रहेको पाइन्छ ।

४. यस पुस्तकमा ६ ओटा कथा, ४ ओटा कविता, ४ ओटा प्रबन्ध, ४ ओटा जीवनी रहेपनि वादविवाद, एकाङ्की, चिठी, निवेदन जस्ता सिर्जनात्मक क्षमता विकास गर्ने खालका पाठहरू एक एक ओटा मात्र रहेकाले सिर्जनात्मक क्षमताको विकास कमै हुने देखिन्छ ।

५. पाठ्यक्रमले भाषाका चारै सिपको विकास गर्ने उद्देश्य राखेको भएपनि सुनाइसँग सम्बन्धित अभ्यास न्यून रहेको देखिन्छ । यो पाठ्यक्रम अनुरुपताका दृष्टिले उपयुक्त देखिदैन ।

६. भाषिक सिपको समान महत्त्व भए पनि प्रस्तुत नमुना अभ्यासमा आदानात्मक सिपभन्दा प्रदानात्मक सिपलाई बढी महत्त्व दिइएको देखिन्छ ।

७. प्रबन्ध, एकाङ्की, वादविवाद विधामा सुनाइ सिपसम्बद्ध अभ्यास नहुनुलाई कमजोर पक्षको रुपमा लिन सकिन्छ ।

८. पाठको अन्त्यमा दिइएका व्याकरणका अभ्यासहरूको वर्गीकरण नमिलेको देखिन्छ ।

९. पाठमा प्रयुक्त अभ्यास सरलदेखि जटिलको क्रममा रहेको देखिदैनन् ।

१०. कतिपय व्याख्यामा दिइएका अभ्यासहरू कक्षा ८ का विद्यार्थीहरूका लागि जटिल र दुर्वोद्य छन् ।

११. विद्यार्थीहरूमा व्यावहारिक सिपको विकासमा क्रियाकलापमुखी अभ्यासले सहयोग पऱ्याउँछ तर यहाँ प्रयुक्त अभ्यासहरू न्यून मात्रामा क्रियाकलापमुखी रहेको छ ।

## ५.२. सुझावहरू

प्रस्तुत अध्ययनबाट निकालिएका सबल र दुर्बल पक्षलाई केलाउँदा निम्न सुझब प्रस्तुत गर्न सकिन्छ :

१. अभ्यासमा स्पष्ट निर्देशन दिइनु पर्दछ ।

२. उच्चारण अभ्यासलाई पाठ सुरु गर्नु भन्दा पहिले राखिनु पर्दछ । नभए पाठ सुरुगर्नु भन्दा अगाडि गर्ने निर्देशन दिइनु पर्दछ ।

३. व्याकरण र शब्दभण्डारका अभ्यासलाई क्रमबद्ध र उपयुक्त स्तरमा प्रस्तुत गरिनु पर्दछ ।

४. अभ्यासहरूको विविधीकरणमा जोड दिनुपर्दछ ।

५. चित्रात्मक अभ्यासहरूको संयोजन गरी वर्णन गर्न लगाए अझ प्रभावकारी हुन्छ ।

६. नमुना  अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नु पर्दछ ।

७. समूहकार्य गर्ने खालका अभ्यासहरू थप गर्नु पर्ने देखिन्छ ।

८. अभ्यासलाई विद्यार्थीको रुचि अनुरुप सरल, सहजसँग गर्नसक्ने अभ्यासको संयोजनमा ध्यान पुऱ्याउँनु पर्ने देखिन्छ ।

९. पाठ्यपुस्तकमा विभिन्न जातजाति, पिछडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि पनि उपयोगी हुने खालका अभ्यासहरू समावेश गर्नु पर्ने देखिन्छ ।

१०. चिठी विधामा घरायसी चिठीमात्र रहेको छ, यसमा विविधीकरण गर्नु पर्ने देखिन्छ ।

११. अभ्यासहरू लेखाइ सिपलाई बढी महत्त्व दिइएको हुँदा यसलाई सुधार गरेर सुनाइ, बोलाइ, र पढाइ जस्ता भाषिक सिपलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

१२. विद्यार्थीको रुचि, स्तर र उमेर आदिलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नु पर्ने देखिन्छ ।

१३. वादविवाद, एकाङ्की जस्ता मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधामा मौखिक अभिव्यक्तिको अभ्यासका लागि  प्रशस्त अभ्यास समावेश गरिनु पर्दछ ।

१४. पाठ्यपुस्तकमा नमुना अभ्यास परिमार्जित हुँदै आए पनि अझै परिमार्जन र सुधार गर्नु आवश्यक देखिन्छ ।

१५. भाषिक सिप प्राप्तिका लागि प्रयोगात्मक, सिर्जनात्मक र सम्प्रेषणात्मक पक्षलाई जोड दिइ सोही किसिमका शब्दभण्डार बृद्धि गर्ने अभ्यासहरू राखिनु पर्दछ ।

### ५.२.१ नीतितग तहका लागि सुझाव

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा परिमार्जित पाठ्यक्रम (२०६९) मा आधारित प्रस्तुत कक्षा ८ को नेपाली पाठ्यपुस्तक विविध दृष्टिकोणबाट प्रभावकारी पुस्तक हो । यस पाठ्पुस्तकभित्र समाविष्ट नमुना अभ्यास सम्बन्धी अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा सहयोग पुऱ्याउने देखिन्छ । निश्चित तहका लागि निर्माण गरिएको पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । पाठ्यक्रमले विद्यर्थीको विविधता क्षमता, स्तर र रुचिको प्रतिनिधित्व गर्न सक्ने उद्देश्य राख्नु पर्दछ । जसले गर्दा पाठ्यपुस्तकबाट सहज रुपमा सिकाइ उपलब्धि हासिल हुन सक्दछ । पाठ्यपुस्तकमा पाठसम्बद्ध अभ्यासलाई समाहित गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ । यस शोधकार्यबाट प्रशोधन भएका निष्कर्षहरूले पाठ्यपुस्तक लेखनका क्रममा भएका त्रुटिहरू निराकरण गर्न सहयोग पुऱ्याउँछ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

पाठ्यपुस्तक तयार गरिनुको प्रमुख प्रयोजन नै कक्षा कोठामा प्रस्तुत गर्नका लगि हो । यस अध्ययनमा कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू भाषिक सिप विकासमा कति सहयोगी छन् भनी अध्ययन गरिएको छ । यो अध्ययनबाट प्राप्त निष्कर्षले कक्षा ८ का अध्यापनरत सम्पूर्ण नेपाली विषय शिक्षक साथै अन्य शिक्षकलाई पनि मद्दत पुऱ्याउने देखिन्छ ।

भाषा प्रयोगमा विद्यार्थीलाई दक्ष बनाउन भाषिक सिपको प्रशस्त अभ्यास गराउनु पर्दछ । प्रस्तुत अध्ययन पनि मुलतः भाषिक सिप शिक्षणसँग सम्बन्धित छ । यसै सन्दर्भमा नेपाली भाषा शिक्षण गर्दा के कस्ता भाषिक सिप कस्ता कस्ता अभ्यासबाट कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन यस अध्ययनले मद्दत पुऱ्याउँछ । पाठ्यक्रमले निर्देशन गरे अनुरुपको अभ्यासहरूको कमी भएमा पाठ सम्बद्ध अभ्यासहरू थप गरी क्रियाकलाप गराउँन पनि मद्दत पुग्ने देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध र त्यसमा समाविष्ट नमुना अभ्यासको कमी कमजोरी पहिचान गरी आवश्यक संशोधन गर्नका लागि पनि यस अध्ययनले मद्दत पुऱ्याउँन सक्दछ । विद्यार्थीहरूमा

सिर्जनात्मक क्षमताको विकास गर्न साथै शिक्षकका लागि पाठसम्बद्ध क्रियाकलापहरू गराउँन समेत मद्दत गर्दछ । भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमका उद्देश्यअनुरुप पर्याप्त नमुना अभ्यासको संयोजन गरी पाठ्यक्रममा सुधार गर्न साथै विद्यार्थी केन्द्रित र कार्यकलापमुखी शिक्षण सिकाइको प्रवर्द्धन गर्नमा सहयोग हुने देखिन्छ ।

कक्षा ८ मा अध्यापनरत शिक्षकले भने कक्षा ८को नेपाली भाषा पाठ्यपुस्तकको अभ्यासहरू गराउँदा पुस्तकले दिएको अभ्यास क्रम  भन्दा पनि आफ्नो स्वविवेक पुऱ्याई विद्यार्थीलाई सरल हुने क्रममा गराउनु बुद्धिमानी हुन्छ । उच्चारण अभ्यासलाई पाठभन्दा पहिले, शब्दभण्डारका अभ्यासलाई पाठ सँगसँगै गराउनु र बाँकिलाई त्यसपछि गराउनु उपयुक्त देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

प्रस्तुत “भाषिक सिप विकासका दृष्टिले कक्षा ८ का नमुना अभ्यासको अध्ययन” शीर्षकको शोध कार्यले भावी अनुसन्धाताहरूलाई यस अध्ययनमा भएका कमी कमजोरीहरूको पहिचान गरी नयाँ विषयमा अध्ययन गर्न मद्दत पुग्दछ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई विद्यार्थीहरूको स्तर र क्षमता अनुरुप विभाजन गरी भाषिक सिप हाँसिल गर्न नयाँ ढाँचाको अनुसन्धानका लागि मार्गदर्शन बन्न सक्छ । नमुना अभ्यासहरूलाई सीपगत र तहगत आधारमा विश्लेषण गरी नयाँ अनुसन्धान कार्यका लागि पूर्वकार्यको रुपमा  यस अध्ययनले सहयोग पुऱ्याउँन सक्दछ ।

भावी अध्ययनका लागि सम्भावित शोधशीर्षकहरू :

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताका आधारमा अध्ययन

२. छनोट र स्तरणका दृष्टिले कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन

३. कक्षा ७ र ८ को नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन

## सन्दर्भसामग्री

अधिकारी, हेमङ्गराज र केदारप्रसाद शर्मा (२०६१) प्ररम्भिक नेपाली शिक्षण, भोटाहिटी काठमाडौँ; विद्यार्थी पुस्तक भण्डार

काफ्ले, लक्ष्मी (२०६९) कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

खड्का यशोदा (२०५८) हाम्रो नेपाली किताब कक्षा ८ र सजीलो नेपाली माला कक्षा ८मा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन, त्रि.वि, शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग, किर्तिपुर

गेलाल, राजनकुमार (२०६८) कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

चापागाई, नरेन्द्र (२०६४) नेपाली शब्दभण्डार विराटनगर, श्याम पुस्तक भण्डार

ठकुरी, भोजराज (२०६१) हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन, त्रि.वि, शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर

ढुङ्गाना, लक्ष्मीप्रसाद (२०६७) कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपाली कितावमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

थापा, कविता (२०६६/६७) पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

दाहाल, सन्तोषी (२०६८) मेरो नेपाली किताब कक्षा पाँच र रसिलो नेपाली पाँचमा समाविष्ट नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

नेपाल सरकार शिक्षा मन्त्रालय, (२०६९) आधारभूत शिक्षा पठ्यक्रम, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

पराजुली, ढाकाकुमारी (२०६९) कक्षा ६को हाम्रो नेपाली किताब र रसिलो नेपाली भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन, सुकुना बहुमुखी क्याम्पस (अ.प्र) स्नातकोत्तर शोधपत्र

पाण्डेय, चैतन्य (२०५२), नेपाली भाषा शिक्षण (दोस्रो संकरण) काठमाडौं; सभ्फा प्रकाशन

पौडेल , नेत्रप्रसाद (२०६६) नेपाली भाषा शिक्षण (दोस्रो संस्करण) पुतलीसडक, काठमाडौं; पैरवि प्रकाशन

बराल, मन्दराज (२०६१) कक्षा ७ को महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन, त्रि.वि, शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग, किर्तिपुर

भण्डारी, पारसमणि, घिमिरे तुलसीराम र नेपाल शक्तिराज (२०६८) प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६), नेपाली कविता र काव्य, भोटाहिटी काठमाडौं; विद्यार्थी पुस्तक भण्डार

भट्टराई, रामप्रशाद (२०६८) भाषिक अनुसन्धान विधि (दोस्रो संस्करण) काठमाडौं : शुभकामना प्रकाशन

लम्साल, रामचन्द्र, गौतम बासुदेव र अधिकारी गणेशराज (२०६७) नेपाली भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति, (चौंथो संस्करण) काठमाडौं : भूणिपुराणँ प्रकाशन, बागवजार

लम्साल, रामचन्द्र  र रामप्रसाद ज्ञावली (२०७२), नेपाली कक्षा ८, (प्रथम संस्करण), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६७) नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं; विद्यार्थी पुस्तक भण्डार

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६४) शोधविधि (चौथो संस्करण) पुलचोक ललितपुर; साझा प्रकाशन

सिवाकोटी, गोपाल (२०६४) अनुशन्धान पद्धति, काठमाडौं; पैरवी प्रकाशन